# थारु विद्यार्थीको विद्यालयमा उपस्थितिले सिकाइ उपलब्धिमा पारेको प्रभाव

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्कन विभागअन्तर्गत

स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको (**Ed. EC ५९८**) को

आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

शोधपत्र


शोधार्थी

पारसिंह राई

स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्ष

जनता बहुमुखी क्याम्पस

इटहरी, सुनसरी


२०७१

# थारु विद्यार्थीको विद्यालयमा उपस्थितिले सिकाइ उपलब्धिमा पारेको प्रभाव

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्कन विभागअन्तर्गत**

स्नातकोत्तर तह (एम.एड.) **द्वितीय वर्षको (Ed. EC ५९८) को**

**आवश्यकता परिपूर्तिका लागि प्रस्तुत**

**शोधपत्र**


**शोधार्थी**

**पारसिंह राई**

**स्नातकोत्तर तह** (एम.एड.) **द्वितीय वर्ष**

**जनता बहुमुखी क्याम्पस**

**इटहरी, सुनसरी**


**२०७१**

त्रि.वि. दर्ता नं. : ४३९३-८८ शोध बुझाएको मिति : २०७१/०९/१३

परीक्षा क्रमाङ्क : २१८०१३६/०६७ शोध स्वीकृति मिति : ९ जेनवरी २०१५

क्याम्पस रोल नं. १७१/०६७-०६८

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग स्नातकोत्तर तह द्वितीय वर्ष (Ed. CE. ५९८) को आवश्यकता परिपूर्तिका लागि ***"थारु विद्यार्थीको विद्यालयमा उपस्थितिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव"*** शीर्षकको शोधपत्र पारसिंह राईले मेरो सल्लाह र निर्देशनमा तयार पार्नु भएको हो । प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि मूल्याङ्क समिति समक्ष सिफारिस गर्दछु ।

.....................................
श्री राजनप्रसाद शर्मा
(शोध निर्देशक)
उप-प्राध्यापक
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

मितिः २०७१/०९/१३

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, स्नातकोत्तर तह(एम.एड.) दोस्रो वर्षको पाठ्यक्रम अन्तर्गत Ed. EC. ५९८ पाठ्यांशको प्रयोजनको लागि यो **"थारु विद्यार्थीको विद्यालय उपस्थितिले शैक्षिक उपलबिधमा पारेको प्रभाव"** सोधपत्र तयार पारिएको छ । यस सोधपत्र तयार गर्ने क्रममा विभिन्न विद्धान,संस्था तथा तथा सहपाठी मित्रहरुबाट सहयोग प्राप्त भएको छ ।

यस यस शोधपत्र तयार गर्ने कार्यमा प्रस्तावना तयार गर्ने कार्यदेखि लिएर प्रतिवेदन लेखन कार्य समाप्त नहुञ्जेल सम्म आफ्नो अमूल्य समय प्रदान गरी आवश्यक निर्देशन, सल्लाह, सुझाव, उपलब्ध गराई मार्गनिर्देशन प्रदान गर्नुहुने जनता बहुमुखी क्याम्पस, इटहरीका शोध निर्देशक उप-प्राध्यापक श्री राजनप्रसाद शर्माज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसै गरी यस शोधपत्र तयारीका क्रममा नै निरन्तर आवश्यक सल्लाह र सुझाव दिई सहयोग गर्नुहुने जनता बहुमुखी क्याम्पस इटहरीका उप-प्राध्यापक तथा शिक्षाशास्त्र सङ्कायका विभागीय प्रमुख श्री टोलनाथ काफ्लेज्यूप्रति उच्च आभार प्रकट गर्दछु । यसरी नै यसै कार्यमा सहयोग गर्नुहुने उप-प्राध्यापक श्री शान्तिराम दाहालप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।यस शोधपत्र तयारीका ऋममा विभिन्न विद्यालयमा जाँदा अमुल्य समय दिई आवश्यक तथ्याङ्क सम्बन्धि जानकारी, उपयोगी प्रतिक्रिया, सल्लाह र सुझाव दिनुहुने श्री जनसहयोग उ.मा.वि., श्री राष्ट्यि उ.मा.वि., अमाह मा.वि., श्री पञ्चायत रजतजयन्ती वि.मा.वि. तथा श्री जनजागृती नि.मा.वि. का सम्पूर्ण प्रधानाध्यापक, शिक्षकज्यूहरु, विद्यार्थी र अभिभावकहरुप्रति हार्दिक धन्यवादका साथ कृतज्ञता ज्ञापन गर्न चाहन्छु । यसैगरी शोधपत्र तयारी गर्ने क्रममा मलाई साथ र सहयोग गर्ने श्रीमती देविका तामाङ्ग(राई) लगायत मेरा सम्पूर्ण मित्रहरुमा पनि हार्दिक धन्यवाद नदिईरहिरहन सक्दिन ।

अन्त्यमा यस प्रतिवेदनछपाइ तथा ब्याँडिङ्ग गर्न सहयोग गर्नुहुने भाईलाई पनि विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

शोधार्थी

पारसिंह राई

एम.एड.(दोश्रो वर्ष)
जनता बहुमुखी क्याम्पस इटहरी

मितिः ०७१/०८/१९

# शोधसार

यो शोधसार थारु विद्यार्थीहरुको विद्यालय उपस्थितिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव शीर्षक अन्तर्गत समेटिएको छ । सुनसरी जिल्ला हाँसपोसा गा.वि.स. अन्तर्गतका थारु विद्यार्थीकरुको बाहुल्यता रहेको ५ ओटा सामुदायिक विद्यालयलाई नमुना विद्यालयको रुपमा लिई थारु विद्यार्थीहरुको विद्यालय उपस्थितिले शैक्षिक उपलब्धिमा पारेको प्रभावलाई ल्खाजोखा गरिएको छ । यस शोध अनुसन्धानको ३ ओटा उदेश्यहरु राखिएका छन् । यी उदेश्यहरु, प्राथमिक तहमा अध्ययनरत थारु विद्यार्थीहरूको विद्यालय उपस्थितिको अवस्था पत्तालगाउन, थारु विद्यार्थीहरूको शैक्षिक उपलब्धिको अवस्था पत्तालगाउन र विद्यार्थीहरूको विद्यालय उपस्थिति उच्च पारी शैक्षिक उपलब्धि बढाउने उपायहरु पत्तालगाउन रहेको थियो । यी उद्देश्यहरु प्राप्त गर्नका लागि उद्देश्यात्मक र सुबिधाजनक नमूना छनौट गरी दस्तावेज अध्ययन, प्रश्नावली, अन्तवार्ता तथा अभिलेख अधययनको प्रयोग गरी थारु अभिभावक, विद्यार्थी, प्र.अ., शिक्षक तथा स्वयम् बालबालिकाहरुबाट प्राप्त जानकारीहरुलाई गुणात्मक तथा परिणात्मक  विधीबाट ब्याख्या तथा विश्लेषण गर्न तथ्याङ्क विवरण तालिका तथा स्तम्भ चित्रहरुको प्रयोग गरिएको छ ।

यस अध्ययन क्षेत्रका थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति र शैक्षिक उपलब्धि दुवै अन्य विद्यार्थीको तुलनामा न्यून रहेको पाइयो । समग्रमा अध्ययन गर्दा शैक्षिकसत्र २०६८, २०६९ र २०७० यी तीनै सालमा छनौटमा  परेका पाँचै ओटा विद्यालयहरुका थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति अन्य विद्यार्थीहरुको भन्दा न्यून् रहेको पाइन्छ । यसरी विद्यालय उपस्थिति न्यून भएकोले यसको प्रभाव शैक्षिक उपलब्धिमा पनि प्रत्यक्ष परेको देखिन्छ । जस अनुसार यी तीनै सालमा थारु विद्यार्थीहरुको शैक्षिक उपलब्धि पनि अन्य विद्यार्थीहरुको भन्दा कम नै रहेको पाइन्छ । थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति कम हुनुको मुख्य मुख्य कारणहरुमा गरीबी, अशिक्षा, अन्धविश्वास, बेरोजगार, सामाजिक बिकृति, भाषिक कठिनाइ आदि रहेको पाइन्छ । यी कारणहरुले गर्दा थारु विद्यार्थीहरु नियमित नआउने, आएकाहरु पनि टिफिनमा भागेर जाने, आवश्यक कापी किताब, पेन्सिल आदि पनि नल्याउने, गृहकार्य गरेर नल्याउने नेपाली भाषा राम्ररी नबुझेर बढाइप्रति चासो नराख्ने, लजालु भइबस्ने र कक्षाकोठा र विद्यालयको अन्य शैक्षणिक गतिविधिमा पनि सक्रीय भएर सहभागी नहुने आदि कारणले उनीहरुको शैक्षिक उपलब्धि पनि अन्य विद्यार्थीकरुको तुलनामा कमजोर रहेको पाइयो ।

थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति उच्च पारी उनीहरुको शैक्षिक उपलब्धि पनि उच्च पार्ने उपायहरुमा थारु अभिभावकहरु शिक्षाको महत्वको बारे सचेत हुनुपर्ने, थारु अभिभावकहरुले आ-आफ्ना बालबालिकाहरुलाई नियमित विद्यालय पठाउनु पर्ने, शिक्षण सिकाइको माध्यम थारु भाषा हुनुपर्ने, विद्यार्थीहरुलाई खाजाको ब्यावस्था गर्नुपर्ने, प्रत्येक प्रा.वि.शिक्षकहरुलाई अनिवार्य थारु भाषाको प्रशिक्षण दिनुपर्ने जस्ता नीतिगत ब्यावस्था गर्नुपर्ने देखिन्छ । सचेत र शिक्षित थारु अगुवाहरुले थारु बालबालिकाहरुको लागि थारु अभिभावकहरुलाई सचेतना कार्यक्रम समय समयमा सञ्चालन गर्नुपर्दछ ।

## विषयसूची

| | पेज नं. |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृति पत्र | ii |
| कृतज्ञता | iii |
| शोधशार | iv |
| विषयसूची | vi |
| तालिकासूची | x |
| चित्रसूची | xi |

**परिच्छेद : एक**

**परिचय**

| | |
|---|---|
| १.१. अध्ययनको पृष्ठभूमी | १ |
| १.२. समस्याको कथन | ५ |
| १.३. अध्ययनको औचित्य | ५ |
| १.४. अध्ययनको उद्देश्य | ६ |
| १.५. अनुसन्धानात्मक प्रश्नहरू | ६ |
| १.६. अध्ययनको परिसीमा | ७ |
| १.७. सान्दर्भिक पदावलिको परिभाषा/अर्थ | ७ |

**परिच्छेद-दुई**

**अध्ययनको सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पुनरावलोकन**

| | |
|---|---|
| २.१. सम्बन्धित साहित्यको पुनरावलोकन | ८ |
| २.२. अध्ययनको सैद्धान्तिक खाका | १२ |
| २.३. शैक्षिक उपादेयता | १५ |

## परिच्छेद : तीन

## अनुसन्धान विधि


३.१. अनुसन्धान ढाँचा १७

३.२. अध्ययनको जनसंख्या १८

३.३. नमुना छनोट १८

३.३.१. जिल्ला छनौट १८

३.३.२. विद्यालय तथा प्र.अ.को छनौट १८

३.३.३. अभिभावकहरु छनौट १८

३.३.४. विद्यार्थीको छनौट १८

३.३.५. शिक्षकको छनौट १८

३.४. तथ्याङ्कको स्रोत १९

३.५. तथ्याङ्क संकलनका साधनहरू १९

३.६. साधनहरूको वैधता २०

३.७. तथ्याङ्क संकलन २०

३.८. विश्लेषण प्रक्रिया २०


## परिच्छेद : चार

## .अनुसन्धान विधि


४.१प्रा.वि. तहमा अध्ययनरत थारु बालबालिकाको विद्यालयमा उपस्थितिको अवस्था २०

४.१.१ शैक्षिक-सत्रको २०६८ को औसत उपस्थिति विश्लेषण २२

४.१.२. शैक्षिक-सत्रको २०६९ को औसत उपस्थिति विश्लेषण २३

४.१.३. शैक्षिक-सत्रको २०७० को औसत उपस्थिति विश्लेषण २५

४.२ थारु विद्यार्थीहरुको शैक्षिक उपलब्धिको अवस्थाको विलेषण २६

४.२.१ शैक्षिक-सत्रको २०६८ को औसत शैक्षिक उपलब्धि विश्लेषण २७

४.२.२. शैक्षिक-सत्रको २०६९ को औसत उपलब्धि विश्लेषण २८

४.२.३. शैक्षिक-सत्रको २०७० को औसत उपलब्धि विश्लेषण ३०

४.२.४. विषयगत शैक्षिक उपलब्धि विश्लेषण ३१

४.३ थारु विद्यार्थीहरुको विद्यालय उपस्थितिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव ३२

४.३.१. शैक्षिक-सत्र २०६८ को थारु विद्यार्थीहरुको औसत वार्षिक उपस्थिति र औसत शैक्षिक उपलब्धिको तुलानात्मक विशलेषण ३३

४.३.२. शैक्षिक-सत्र २०६९ को थारु विद्यार्थीहरुको औसत वार्षिक उपस्थिति र औसत शैक्षिक उपलब्धिको तुलानात्मक विशलेषण ३४

४.३.३. शैक्षिक-सत्र २०७० को थारु विद्यार्थीहरुको औसत वार्षिक उपस्थिति र औसत शैक्षिक उपलब्धिको तुलानात्मक विशलेषण ३६

४.३.४.थारु विद्यार्थीहरुको विद्यालय उपस्थितिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव सम्बन्धमा प्र.अ.,शिक्षक अभिभावक तथा स्वयं विद्यार्थीहरुको धारणाको ब्याख्या विश्लेषणः ३७

४.४. थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति उच्च पारी शैक्षिक उपलब्धिबढाउने उपायहरूको बारेमा प्र.अ.,शिक्षक, विद्यार्थीका अभिभावक तथा विद्यार्थीको धारणाः ४०

## परिच्छेद-पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरू

५.१. प्राप्तिहरू ४४

५.१.१. प्रा.वि. तहमा अध्ययनरत थारु बालबालिकाको विद्यालयमा उपस्थितिको अवस्था ४४

५.१.२. प्रा.वि. तहमा अध्ययनरत थारु विद्यार्थीहरुको शैक्षिक उपलब्धिको अवस्था ४५

५.१.३. थारु विद्यार्थीहरुको विद्यालय उपस्थितिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव सम्बन्धमा ४६

५.१.४ प्रा.वि. तहमा अध्ययनरत थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति उच्च पारी शैक्षिक उपलब्धि बढाउने उपायहरू सम्बन्धमा ४७

५.२. निष्कर्ष ४९

५.३. सुझावहरु ५०

५.३.१ नीतिगत ( Policy related) तहका लागि सुझावहरु- ५०

५.३.२. प्रयोगात्मक ( Practice related) तहका लागि सुझावहरु- ५१

५.३.३. अनुसन्धानात्मक ( Further research related) तहका लागि सुझावहरु- ५२

# तालिकासूची


| तालिका नं. तालिका शीर्षक | पेज नं. |
|---|---|
| १. कक्षा १-५सम्मका थारु तथा अन्य विद्यार्थीहरु औसत उपस्थिति तालिका | २२ |
| २. औसत उपस्थिति तालिका २०६८ | २२ |
| ३. औसत उपस्थिति तालिका २०६९ | २३ |
| ४. औसत उपस्थिति तालिका २०७० | २५ |
| ५.कक्षा १-५सम्मका थारु तथा अन्य विद्यार्थीहरु औसत उपलब्धि तालिका | २७ |
| ६. औसत उपलब्धि तालिका २०६८ | २७ |
| ७. औसत उपलब्धि तालिका २०६९ | २८ |
| ८. औसत उपलब्धि तालिका २०७० | ३० |
| ९.कक्षा १ देखि ५ सम्मको विषयगत शैक्षिक उपलब्धि तालिका | ३२ |
| १०.शैक्षिक-सत्र २०६८ औसत उपस्थिति र औसत प्राप्ताङ्कको तुलानात्मक अध्ययन | ३३ |
| ११. शैक्षिक-सत्र २०६९ औसत उपस्थिति र औसत प्राप्ताङ्कको तुलानात्मक अध्ययन | ३४ |
| १२. शैक्षिक-सत्र २०७० औसत उपस्थिति र औसत प्राप्ताङ्कको तुलानात्मक अध्ययन | ३६ |

# चित्रसूची


| चित्र नं. | चित्र शीर्षक | पेज नं. |
|---|---|---|
| १. | शैक्षिक-सत्रको २०६८ को औसत उपस्थिति विश्लेषण | २३ |
| २. | शैक्षिक-सत्रको २०६९ को औसत उपस्थिति विश्लेषण | २४ |
| ३. | शैक्षिक-सत्रको २०७० को औसत उपस्थिति विश्लेषण | २६ |
| ४. | शैक्षिक-सत्रको २०६८ को औसत शैक्षिक उपलब्धि विश्लेषण | २८ |
| ५. | शैक्षिक-सत्रको २०६९ को औसत शैक्षिक उपलब्धि विश्लेषण | २९ |
| ६. | शैक्षिक-सत्रको २०७० को औसत शैक्षिक उपलब्धि विश्लेषण | ३१ |
| ७. | शैक्षिक-सत्र २०६८ औसत उपस्थिति र औसत प्राप्ताङ्कको तुलानात्मक अध्ययन | ३४ |
| ८. | शैक्षिक-सत्र २०६९ औसत उपस्थिति र औसत प्राप्ताङ्कको तुलानात्मक अध्ययन | ३५ |
| ९. | शैक्षिक-सत्र २०७० औसत उपस्थिति र औसत प्राप्ताङ्कको तुलानात्मक अध्ययन | ३७ |

# परिच्छेद : एक
## परिचय

कुनै पनि अध्ययन पश्चात् त्यसको प्रतिवेदन तोकिएको निश्चित ढाँचामा तयार पार्नुपर्दछ । यस शोध अध्ययनको क्रममा पनि त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकायले एम.एड.दोश्रो वर्षको शोधकार्यको शोधपत्र लेखनको लागि तोकिदिएको ढाँचामा यो शोधपत्र तयार पारिएको छ । यसको यस पहिलो परिच्छेदमा क्रमशः अध्ययनको पृष्ठभूमी, समस्याको कथन, अध्ययनको औचित्य, अध्ययनको उद्देश्यहरु, अनुसन्धानात्मक प्रश्नहरू, अध्ययनको परिसीमा तथा सान्दर्भिक पदावलिको परिभाषा/अर्थ आदिलाई निम्नानुसार समेटिएको छ ।

### १.१ अध्ययनको पृष्ठभूमी

पृथ्वीमा जव मानव जातिको सृष्टी वा उदय भयो, त्यतिबेला सायद अहिलेको जस्तो विभिन्न जात जातिको एकै चोटी विकास भएको थिएन । मानिस सुरूमा दुई जाति पुरूष र महिलाको रूपमा विकास भएको थियो भन्ने कुरा विभिन्न अध्ययन अनुसन्धानबाट थाहा पाउन सकिन्छ । सभ्यताको विकासको क्रमसँगै मानिसहरू विभिन्न युगहरू पार गर्दै अहिलेको अवस्थामा आईपुगेको हो । यो अवस्थामा आईपुग्न धेरै हजारौं वर्ष लागेको छ । पुरूष र महिला जातिबाट सुरू भएको मानव सभ्यता विभिन्न कालखण्डमा आई पुग्दा विभिन्न जातजातिको रूपमा विकसित भयो । (वागचन्द, २०५९) ।

यसरी विभिन्न जातजातीहरुमा थारुहरु नेपालका आदिबासी जनजातीहरु मध्ये एक प्रमुख जातीहरु हुन् । थारुहरु आफूलाई भूमीपुत्र भन्न रुचाउँछन् । थारुहरु नेपालको पूर्वी झापादेखि पश्चिमे कन्चनपूरसम्मको भित्री तराईमा फैलिएर रहेका छन् । सन् १९५० को दशकमा नेपालको तराई प्रदेशमा मलेरियाको डर लाग्दो प्रकोपमा पनि थारुजातीहरुलाई अन्य गैर थारुहरुको तुलनामा मलेरियले त्यति धेरै गर्न सकेन । यस्तो अवश्थामा पनि थारु जातीहरुले आफूलाई एउटा बलियो जातीको रुपमा स्थापित गरे । थारुहरुले आफूलाई सन् १९९० देखि अघिको अवस्था र सन् १९९० देखि पछिको अवस्था गरी दुई अवधि(Period) मा विभाजन गर्ने गर्दछन् । सन् १९९० देखि यता आएर जनजातीहरुको आन्दोलनले शैक्षिक, सांस्कृतिक तथा आर्थिक रुपमा सकारारतमक प्रभाव पारेको छ । (My Republica,Daily Patrika 29,Nov,2014)

थारु जातीको उत्पति मानव विकास क्रमसंगै भएको हो । थारु शब्दको उत्पति पाँचौ छैटौ शताब्दीमा भएको हो भन्ने तथ्य विभिन्न लेख, रचना, सङ्ग्रह, पत्रपत्रिका, शिलालेख आदिबाट प्रमाणित भइसकेको छ । विश्वको सबै क्षेत्रमा थारुहरुको बसोबास भएको नपाइए तापनि भारतका विभिन्न भागहरु :सिन्ध, राजस्तान, बिहार, गोरखपुर चम्पारण, नैनिताल, गोण्डा आदि क्षेत्रमा बासोबास गर्दछन् (चौधरी, २०६३) ।

नेपालका आदिबासी जनजातिको समूह मध्येको एक प्रमुख समूह थारु जाति पनि हो । थारु समुदाय नेपालको आदिम जातिको रुपमा पहिचान भएको जाति हो । थारुजातिहरु आफूलाई थारु समदाय भनेर परिचय गराउन चाहन्छन् । मंगोल आर्यन, ड्रबिन मिश्रण थारुहरुको शारीरिक बनौट, भाषा र संस्कृतिमा समाहित भएको पाउन सकिन्छ । तराइमा बसोबास गर्ने थारु जति समयान्तरमा भित्री तराई र चुरे समथर भावर क्षेत्रमा मूल रैथने जाति हुन् । मधेसको पूर्व झापादेखि पश्चिममा कन्चनपुर तथा सुर्खेत उपत्यकासम्म बसोबास गर्ने थारुहरु नेपालका पूराना बासिन्दाहरु हुन् । मधेसको उत्तरी भाग र चुरे महाभारत बीचसम्म उनीहरु आबात छन् । सन् २०११ सालको जनगणना अनुसार थारुहरुको जनसंख्या नेपालमा १७,३७,४७० अर्थात ६.६% रहेको छ । चार जात छत्तीस बर्णको फूलबारी भनी चिनिने नेपालमा भौगोलिक क्षेत्रको स्वरूपको आधारमा विभिन्न जातजातिका मानिसको बसोबास रहेको छ । यहाँ हालसम्म थारुसहित ५९ जनजातिहरू सूचीकृत छन् ( चौधरी रमेश,२०७०)

“सबैका लागि शिक्षा” भन्ने घोषणापत्र सन् १९९० मार्च ४-९ सम्म थाइल्याण्डमा भएको शिक्षामन्त्रीहरूको संम्लेननले जारी गऱ्यो । यसले सन् २००० सम्म महिला, दलित, जनजाति, पिछडिएको समूह, न्यून आर्थिकस्तर भएका बालबालिका, ग्रामीण एवम् विकट स्थानका शारीरिक एवम् मानसिक रूपमा कमजोर वर्ग आदि सबैलाई आधारभूत शिक्षा प्रदान गर्ने मुख्य उद्देश्य लिएको थियो । यस सम्मेलनले सुविधाजनक समूहका साथै असुविधाजनक समूहहरू सबैलाई शिक्षाको पहुँच पुरचाउने लक्ष्य लिएको थियो । त्यसैअनुरूप नेपालले पनि सन् २००० सम्ममा सबै प्राथमिक तह, उमेर समूहका बालबालिकालाई प्राथमिक शिक्षा उपलब्ध गराउने भनेर औपचारिक तथा अनौपचारिक शिक्षाका कार्यक्रम अगाडि साऱ्यो । सन् २००० पनि बित्यो तर उल्लेखनीयन उपलब्धी हासिल भएन । फेरि अप्रिंल २६-२८ सन् २००० मा विश्व शिक्षामञ्चले “सबैका लागि शिक्षा”मा: प्रतिवद्धता जाहेर गऱ्यो । त्यसैअनुरूप सन् २०००-२००५ सम्म सबैका लागि शिक्षा कार्यक्रमको तत्कालीन रणनीति, सन् २००५-२०१२ सम्म मध्यकालीन रणनीति र सन् १०१२-२०१५ लाई दीर्घकालीन रणनीति निर्धारण गरी

सन् २०१५ सम्म विश्वका सबै मुलुकका बालबालिकाहरूलाई अनिवार्य प्राथमिक शिक्षाको सुनिश्चितता गर्ने प्रतिवद्धतास्वरूप हरेक मुलुकमा विभिन्न शैक्षिक कार्यक्रमहरू संचालन भइरहेका छन् । (अधिकारी, २०६८)

नेपाल सरकारले पनि यहि अनुरुप नेपालको अन्तरिम संविधान २०६३ को धारा १४ (१) मा पनि "कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय र पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानुनद्वारा निर्धारण भए बमोजिमको क्षतिपूर्ति पाउने छ ।" त्यस्तै धारा १४ (२) मा "कुनै पनि व्यक्तिलाई जातजातिको आधारमा सार्वजनिक, धार्मिक स्थलमा प्रवेश वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक, धार्मिक स्थलमा प्रवेश वा धार्मिक कार्य गर्नबाट बञ्चित गरिने छैन ।" यसबाट के प्रष्ट हुन्छ भने छुवाछुत तथा जातीय भेदभाव कानुनी रूपमा अन्त्य भै सकेको छ । यसैगरी प्राथमिक शिक्षा(कक्षा १देखि ५सम्म) अनिवार्य गर्नुका साथै पूर्ण निःशुल्क हुने कानुनी व्यावस्था पनि भइसकेको छ । (नेपालको अन्तरिम संविधान, २०६३)

नेपाल सरकारले विद्यालय शिक्षाको क्षेत्रमा गरेको लगानीको अनुपात अन्य मुलुकको तुलनामा सानो छ । तर पनि नेपालमा विद्यालय शिक्षाको क्षेत्रमा जे जति लगानी भएको छ त्यो यहाँका अन्य क्षेत्रको तुलनामा भने बढी छ । आम नेपाली जनजीवनमा सकारात्मक परिवर्तनको धमिलो संकेतलाई दृष्टिगत गर्दा विद्यालय शिक्षामा जेजति लगानी भएको त्यो पनि त्यत्तिकै खेर गइरहेको जस्तो देखिन्छ । यस कुरालाई मध्यनजर गरी देशमा विद्यालय शिक्षामा हुनसक्ने लगानीबाट शिक्षाको गुणस्तर अधिकतम् गरेर नेपाली जनजीवन उकास्ने कुरामा आम शिक्षाकर्मीहरूको ध्यान जानु जरुरी छ (गौडेल तथा अन्य, २०६४ ) ।

आदिवासी जनजातिको सन्दर्भ उल्लेख गर्नुपर्दा २९ जुन २००६ मा राष्ट्रसंघीय मानव अधिकार परिषद्ले पारित गरेको घोषणापत्रमा आदिवासी जनजातिको सन्दर्भ उल्लेख गरिएको छ । हाल संसारका ७० भन्दा बढि मुलुकमा छरिएर रहेका आदिबासी जानजातिको संख्या ५० करोडभन्दा बढि रहेको अनुमान छ । संसारमा ५००० भन्दा बढि आदिवासी जनजातिहरूका समूह तथा उप-समूहहरू रहेका छन् । एसिया महादेशमा विश्वको ४५५ जनसंख्या रहेको हुँदा यहाँ आदिबासी तथा जनजातिहरूको समूह र संख्या बढि नै रहेको छ । प्राचिन समाज र सभ्यता सँगसँगै आधुनिक समाजमा देखा परेका शिक्षाका विविध स्वरूपहरू नै हाम्रो समाजमा शिक्षाको विभेदीकरणको रूपमा रही रहेका छन् । हाम्रो

नेपालमा जातीय तथा वर्गीय विभेदको कारणले शिक्षाका अवसरहरूमा एकरूपता नभएको तीतो सत्यता बिद्यमान छ । नेपालको शैक्षिक उपलब्धीको कुरा गर्ने हो भने कक्षा ६ मा भर्ना भएका जम्मा विद्यार्थीहरुमध्ये करीब १५ प्रतिशत मात्र एस्.एल्.सी. पास हुने गरेको पाइन्छ । प्रा.वि.को सरदर क्षमतादर ४९ प्रतिशत मात्र छ । यसले नेपालको शैक्षिक उपलब्धी न्यून नै रहेको संकेत गरेको छ ( मानव विकास प्रतिवेदन, २००६)

हाल नेपालमा पूर्वप्राथमिक(बालविकास) प्राथमिक(१-५),नि.मा.वि.(६-८),माद्ययमिक(९-१०) र उच्च माद्ययामिक(११-१२) गरी विद्यालयको संरचनालाई चार तहमा विभाजन गरिएको छ, तर SSRP पूर्णरुपमा लागु भएपछि भने यो संरचना आधारभूत विद्यालय(१-८) र माद्यामिक विद्यालय(९-१२) हुनेछ । हाल नेपालमा कक्षा ५ उर्तीण हुने ३९%, कक्षा ८ उतीर्ण हुने ३०% , एस.एल.सी. उत्तीर्ण हुने १०.२% र एस.एल.सी. भन्दा माथि १०.२% जनसंख्या छन् । यसमा पनि जनजातिको प्रा.वि. भर्नादर ३६% मात्र छ । नेपालका करीब ३४% मानिसहरू अझै शिक्षाबाट बञ्चित रहेका छन् (जनगणना प्रतिबेदन२०६८) ।

समान्य अर्थमा उपलब्धिलाई लक्ष्यप्राप्तिको दिशामा प्राप्त गरेको सफल्ताको दर भनिन्छ । शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरुले प्राप्त गरेको शैक्षणिक अनुभवहरुको परिणात्मक र गुणात्मक मात्राको शैक्षिक योगको रुपमा उपलब्धिलाई परिभाषित गरिएको छ । यसै सन्दर्भका अक्सफोर्ड एडभान्स लर्नर्स डिक्सनरीले उपलब्धिलाई निम्न अनुसार परिभाषित गरेको छ- “कुनै पनि कार्य, सीप वा परक्रिमद्धारा निश्चित उदेश्य, स्तर वा मापदण्ड प्रतिको दिशामा प्राप्त सफलतालाई उपलब्धि भनिन्छ ।” यही उपलब्धि परक्षिणबाट प्राप्त तथ्यलाई आधार मानी थारु विद्यार्थीको विद्यालय उपस्थिति के कस्तो छ ? थारु विद्यार्थीको विद्यालय उपस्थितिले थारु विद्यार्थीको शैक्षिक उपलब्धिमा के कस्तो प्रभाव पारेको छ ? भन्ने बारेमा हालसम्म कसैले अनुसन्धान गरेको पाइन्दैन । त्यसैले जनजाति मध्येको प्रमुख जाति थारु विद्यार्थीहरुको शैक्षिक अवस्था अध्ययन गर्न सान्दर्भिक ठानी ***“ थारु विद्यार्थीको विद्यालयमा उपस्थितिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव”*** विषयमा यो अध्ययन गर्ने जमर्को गरिएको छ । तसर्थ अध्ययनको कममा पूरानै संरचना अन्तरगतको कक्षा(१-५) सम्मका थारु विद्यार्थीको विद्यालयमा उपस्थितिले शैक्षिक उपलब्धिमा पारेको प्रभावलाई अन्य विद्यार्थीहरुको विद्यालयमा उपस्थिति र शैक्षिक उपलब्धिसंग तुलनात्मक अध्ययन गरी थारु

विद्‌यार्थीको शैक्षिक उपलब्धिमा विद्‌यार्थीको विद्‌यालयमा उपस्थितिको के  कस्तो प्रभाव पार्दछ भन्ने तत्व पहिचान गरी निष्कर्ष निकाली आवश्यक सुझाव दिनु यो अध्ययनको लक्ष्य रहेको छ ।

## १.२ समस्याको कथन

नेपाली समाजमा युगौदेखि ब्याप्त जातीय तथा वर्गीय विभेद तथा असमान व्यवहार नेपाली समाज विकासको अवरोधको रूपमा खडा भएको छ । त्यसैले हाल शिक्षालाई मानवीय आधारभूत आवश्यकताको रुपमा लिइएको छ । यस्तो अति आवश्यक शिक्षा सबैको लागि सर्वसुलभ बनाउनको लागि नेपाल सरकारले प्रतिवद्धता जाहेर गरेको छ । यसको लागि नेपाल सरकारले  “सबैको लागि शिक्षा” कार्यक्रम सञ्चालन गरिरहेको छ । यसैको माध्यमबाट पिछडिएको वर्ग, लिङ्ग, जाति आदिसम्म समावेशी शिक्षाको पहुँच पुऱ्याउन प्राथमिक तहको शिक्षा सबै वर्ग जाति, लिङ्ग र समुदायमा पुऱ्याउने लक्ष्य लिइएको छ ।  यसको लागि शिक्षा सम्बन्धी विविध कार्यक्रमहरु लागू गरिरहेको छ । तापनि प्राथमिक तहमा थारु विद्‌यार्थीको विद्यालयमा उपस्थिति कस्तो छ ? थारु विद्‌यार्थीहरु र अन्य विदेयार्थीहरुमा कसको विद्‌यालय उपस्थिति बढी छ ? के थारु विद्‌यार्थीहरु निरन्तर विद्‌यालय जान्छन् ? क) थारु विद्‌यार्थीहरुको विद्यालय उपस्थितिको अवस्था के-कस्ता छन् ? थारु विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा कुन-कुन पक्षले प्रभाव पार्दछ ? थारु विद्यार्थीहरूको विद्‌यालय उपस्थितिलाई बृद्धि गर्न के-कस्ता उपाय अपनाउनुपर्छ ? थारु विद्‌याथीहरुको शैक्षिक उपलब्धि सुधार्न के गर्नुपर्ला ? थारु विद्‌यार्थीको विद्‌यालयमा उपस्थितिले सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पारेको छ ? थारु विद्यार्थीहरूको विद्‌यालय उपस्थिति उच्च पारी शैक्षिक उपलब्धि बढाउन के के गर्नु पर्ला ? आदि प्रश्नहरुको जवाफ खोज्न आवश्यक देखिएकोले समस्याको कथनको रूपमा प्राथमिक तहमा थारु विद्‌यार्थीको विद्‌यालयमा उपस्थितिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव लाई अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

कुनै पनि अध्ययन अनुसन्धानको आ-आफ्नै महत्व तथा औचित्य हुन्छन् यस अध्ययनको पनि आफ्नै महत्व रहेको छ । मूख्यतयः अध्ययनले थारु विद्यार्थीहरूको शिक्षाको अवस्थामा प्रभाव पार्ने तत्वहरूको बारेमा प्रष्ट पारेको छ । थारु विद्यार्थीहरूको विद्‌यालय उपस्थितिको उच्च गर्न गराउनका साथै थारु विद्यार्थीहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न शिक्षामा बढि भन्दा बढि सहभागिता गराउन शिक्षक, अभिभावक, समाज र विद्यार्थीहरूले वहन गर्नुपर्ने उत्तरदायित्वलाई समेत स्पष्ट पार्ने प्रयास गरिएको छ । थारु समुदायको र थारु  विद्यार्थीको प्राथमिक स्तरमा समान पहुँच र सहभागिता बढाउन

अपनाउनुपर्ने भावी रणनीति तथा योजना बनाउन तथा थारु विद्यार्थीहरुसँग सम्बन्धित अन्य अनुसन्धान गर्न इच्छुक अनुसन्धानकर्तालाई समेत सहयोग पुग्नुका साथै यस अध्ययनबाट प्राप्त निष्कर्षले शिक्षा र थारु जातिसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा चासो राख्ने शिक्षक, विद्यार्थी, समाज, विषयविद, शिक्षाविद्, सरकारी तथा गैरसरकारी संस्थाहरू र शैक्षिक संस्थाहरूलाई नीति नियम निर्माण गरी कार्यान्वयन गर्न र गराउनका लागि समेत सहयोग पुग्ने आशा गरिएको छ । यसको साथसाथै राष्ट्रियस्तरमा नै जनजाति उत्थानमा लागेका व्यक्तिहरू, विद्यार्थी, बुद्धिजीविहरूलाई योजना निर्माण र कार्यान्वयनमा पनि सहयोग पुऱ्याई भविश्यमा अनुसन्धानकर्ता तथा सरोकारवालालाई उपयोगी सन्दर्भ सामग्रीको रूपमा पनि हुनेछ । शिक्षाका नीति निर्माता तथा योजनाकारहरूलाई शैक्षिक नीति तथा योजना निर्माण गर्न, शैक्षिक लगानीकर्ताहरूलाई शिक्षामा लगानी गर्न आदि कार्यको लागि समेत आधार प्रदान गर्न सक्ने हुनाले **"थारु विद्यार्थीको विद्यालयमा उपस्थितिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव"** औचित्यपूर्ण छ ।

## १.४ अध्ययनको उद्देश्यहरु

यस अध्ययनका लागि निम्न उद्देश्यहरू रहेका छन् :

क)प्राथमिक तहमा अध्ययनरत थारु विद्यार्थीहरूको विद्यालय उपस्थितिको अवस्था पत्तालगाउन ।

(ख) प्राथमिक तहमा अध्ययनरत थारु विद्यार्थीहरूको शैक्षिक उपलब्धिको अवस्था पत्तालगाउन ।

ग) थारु विद्यार्थीको विद्यालयमा उपस्थितिले सिकाइ उपलब्धिमा पारेको प्रभाव पत्तालगाउन ।

घ) थारु विद्यार्थीहरूको विद्यालय उपस्थिति उच्च पारी शैक्षिक उपलब्धि बढाउने उपायहरु पत्तालगाउन ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

उद्देश्यहरूको प्राप्तिको लागि निम्न अनुसन्धानात्मक प्रश्नलाई आधारमा समस्याहरु पहिचान गरी त्यसको समधानका उपायहरु खोज्ने प्रयास गरिएको छ ।

क) थारु विद्यार्थीहरुको विद्यालय उपस्थितिको अवस्था के-कस्ता छन् ?

ख) के थारु विल्यार्थीहरु निरन्तर विद्यालय जान्छन् ?

ग) थारु जातिको विद्यार्थीहरुको शैक्षिक उपलब्धिको अवस्था कस्तो छ ?

घ) थारु विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा कुन-कुन पक्षले प्रभाव पार्दछ ?

ङ) थारु विद्यार्थीहरूको विद्यालय उपस्थितिलाई बृद्धि गर्न के-कस्ता उपाय अपनाउनुपर्छ ?

च) थारु विद्यार्थीहरुको शैक्षिक उपलब्धि सुधार्न के गर्नुपर्ला ?

छ) थारु विद्यार्थीको विद्यालयमा उपस्थितिले सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पारेको छ ?

## १.६अध्ययनको परिसीमा

यस अध्ययनको परिसिमा  अनुसन्धान कर्ताको सीमीत स्रोत, साधन र अर्थ अभावका कारण निम्नानुसार सिमित गरिएको छ :

क) यस अध्ययन सुनसरी जिल्लामा सिमित गरिएको छ ।

ख) यस अध्ययन हाँसपोसा गा.वि.स. अन्तर्गतका ६ वटा सामुदायिक विद्यालयहरूको प्रा.वि. तहमा सीमित गरिएकोछ ।

ग) यस अध्ययन प्रा.वि. तहमा  अध्ययनरत थारु तथा अन्य विद्यार्थीहरुमा सीमित गरिएको छ

घ) यस अध्ययन विद्यालय उपस्थिति र शैक्षिक उपलब्धिमा सिमित रहेको छ ।

ङ) यस अध्ययनलाई थारु विद्यार्थीहरुको विद्यालयले शैक्षिक उपलब्धिमा पार्ने प्रभावमा सिमित गरिएको छ ।

## १.७ सान्दर्भिक पदावलिको परिभाषा/अर्थ

यस अध्ययनमा प्रयोगमा आउने विभिन्न शब्दावलीले निम्न अर्थ बुझाएका छन् :

थारु : अध्यायन क्षेत्रमा बसोबास गर्ने थारु जातिहरू ।

अन्य जाती : अध्ययन क्षेत्रका थारु बाहेकका सबै जातिहरू ।

शैक्षिक उपलब्धि : अध्यायन क्षेत्रमा छनैाट गरिएका विद्यार्थीले वार्षिक परीक्षामा प्राप्त गरेका प्राप्ताङ्क

पेशा : अध्ययन क्षेत्रका थारु बालबालिकाका अभिभावकको पेशा ।

अध्ययन क्षेत्र : सुनसरी जिल्लाको हाँसपोसा गा.वि.सका अध्ययन क्षेत्रका ५ वटा विद्यालयहरू ।

# परिच्छेद-दुई

## अध्ययनको सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि समस्याको समाधान गर्न गरिने अध्ययनको लागि त्यस विषय वा समस्यासँग मेलखाने सिद्धान्त, सम्बन्धित साहित्य, लेखरचना तथा अनुसन्धान प्रतिवेदनहरूको पुनः अध्ययन गर्नुपर्दछ । यसले समस्या समाधानका लागि के-कस्ता विकल्पको खोजी भइरहेको छ भन्ने सम्बन्धमा यथार्थ जानकारी दिन्छ । शोधकर्तालाई खोजी हुन बाँकी समस्याको बारेमा अध्ययनलाई केन्द्रित बनाउने अवसर प्रदान गर्दछ । एउटै विषय वा समस्यामा खोजीकार्य दोहोरिन नदिई नयाँ नयाँ विषयमा खोज अनुसन्धान गर्नका लागि शोधकर्ताले सम्बन्धित सिद्धान्त तथा पूर्वसाहित्यको अध्ययन गर्नु आवश्यक हुन्छ ।

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

अनुसन्धान कार्यलाई पूर्णता दिनको लागि अध्ययन विषय वा सोसँग मिल्दाजुल्दा विषयहरूमा हालसम्म भए गरेका कार्यहरू, सम्बन्धित व्यक्तिका लेख, रचना, सोधकार्य, कार्यपत्र आदि प्रकाशित तथा अप्रकाशित कृतिहरूको पुनरावलोकन गर्नु जरुरी हुन्छ । यसबाट अध्ययन कार्यमा हालसम्म भएका प्रयासहरूबारे तुलनात्मक अध्ययन गरी तथ्य पत्ता लगाउन र निष्कर्षमा पुग्न सहयोग पुग्दछ । यहाँ नेपालको सन्दर्भमा र अध्ययन गर्ने विषयका प्रकृतिसँग मिल्ने खालका हालसम्म भएका विभिन्न प्रयासहरूबारे चर्चा गरिएको छ ।

न्यौपाने(२०६७)ले प्राथमिक तहको मगर बालबालिकाहरूको शैक्षिक अवस्था को एक अध्यायनमा सामुदायिक विद्यालयमा प्रा.वि. तहका मगर जातीले भोग्नुपरेको समस्या र शैक्षिक अवस्थाको अध्यायन गरी मगर जातीका विद्यार्थीहरुको शैक्षिक अवस्था कमजोर हुनुका कारणहरु आर्थिक समस्या, मगर अभिभावकमा चेतनाको कमी, मगरहरूमा परम्परागत विचार विद्यमान रहनु आदि रहेको कुरा उल्लेख गरेका छन् । मगर विद्यार्थीहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न आर्थिक सौलिहत, निःशुल्क शिक्षा, रोजगारमूलक शिक्षा, मातृभाषामा शिक्षा र जातीय भेदभावको अन्त्य गर्नुपर्ने निष्कर्ष निकालेको छ ।

कार्की(२०६९)ले मुसहर जातीका बालबालिकाहरूको शैक्षिक उपलब्धिको अवस्था शोधपत्रमा सामुदायिक विद्यालयमा अध्यायनरत मुसहर जातीका प्राथमिक तहमा शैक्षिक अवस्था कमजोर भएको कुरा उल्लेख गरेका छन् । यसरी मुसहर जातीको शैक्षिक अवस्था कमजोर हुनुका कारणहरु चेतनाको

कमी, आर्थिक कमजोरी, आफ्नै पेसा-ब्याबसायमा मात्र जोड तथा सरकारी उपेक्षा रहेको कुरा बत्ताएका छन् । यसैले गर्दा मुसहर जातीको प्राथमिक तहमा विद्यार्थीहरुको शैक्षिक उपलब्धि पनि कमजोर भएको कुरा उल्लेख गरेका छन् । यसरी मुसहर जातीले भोग्नुपरेको समस्या र शैक्षिक अवस्थालाई देखाइएको छ । आर्थिक समस्या, मुसहर अभिभावकमा चेतनाको कमी, मुसहर हरूमा परम्परागत विचार विद्यमान रहनु जस्ता कारणले मुसहर विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा असर पुऱ्याएको छ । मुसहर विद्यार्थीहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न आर्थिक सौलिहत, निःशुल्क शिक्षा, रोजगारमूलक शिक्षा, मातृभाषामा शिक्षा र जातीय भेदभावको अन्त्य गर्नुपर्ने निष्कर्ष निकालेको छ ।

चौधरी(२०७०)ले थारु विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने बाह्य तत्वहरुको पहिचान सम्बन्धि एक अध्यायन शोधपत्रमा थारु विद्याथीहरुको औसत प्राप्ताङ्क न्यून रहेको कुरा उल्लेख गरेका छन् । यसरी थारु जातीको शैक्षिक अवस्था कम्जोर हुनुको मुख्य कारण थारु विद्यार्थीको सामाजिक परिवेश, आर्थिक विपन्नता, राजनीतिक चेतनाको कमी, कृषी एवं बेरोजगार समस्या, परिवारको आकार, भाषागत कमीकमजोरी आदि भएको निष्कर्ष निकालेका छन् ।

काफ्ले, सिन्हा र श्रेष्ठ, (२०६०) का अनुसार सन् १९९० मार्च ४-९ सम्म थाइल्याण्डमा भएको शिक्षामन्त्रीहरूको संम्लेननले सन् २००० सम्म “सबैका लागि शिक्षा” भन्ने घोषणापत्र जारी गऱ्यो । यस सम्मेलनले सुविधाजनक समूहका साथै असुविधाजनक समूहहरू जस्तै महिला, दलित, जनजाति, पिछडिएको समूह, न्यून आर्थिकस्तर भएका बालबालिका, ग्रामीण एवम् विकट स्थानका शारीरिक एवम् मानसिक रूपमा कमजोर वर्ग आदि सबैलाई आधारभूत शिक्षा प्रदान गर्ने मुख्य उद्देश्य लिएको थियो । त्यसैअनुरूप नेपालले सन् २००० सम्ममा सबै प्राथमिक तह, उमेर समूहका बालबालिकालाई प्राथमिक शिक्षा उपलब्ध गराउने भनेर औपचारिक तथा अनौपचारिक शिक्षाका कार्यक्रम अगाडि साऱ्यो । सन् २००० सम्ममा उल्लेखनीयन उपलब्धी हासिल नभएपछि पुन : अप्रिंल २६-२८ सन् २००० मा विश्व शिक्षामञ्चले “सबैका लागि शिक्षा”मा पुन : प्रतिवद्धता जाहेर गऱ्यो । त्यसैअनुरूप सन् २०००-२००५ सम्म सबैका लागि शिक्षा कार्यक्रमको तत्कालीन रणनीति, सन् २००५-२०१२ सम्म मध्यकालीन रणनीति र सन् १०१२-२०१५ लाई दीर्घकालीन रणनीति निर्धारण गरी सन् २०१५ सम्म विश्वका सबै मुलुकमा रहेका बालबालिकाहरू खासगरी पिछडिएका, सुविधाविहिन र द्वन्द्वमा रहेका बालबालिकाहरूलाई प्राथमिक शिक्षाको सुनिश्चितता गर्ने प्रतिवद्धता स्वरूप हरेक मुलुकमा विभिन्न शैक्षिक कार्यक्रमहरू संचालन भइरहेका छन् ।

शर्मा (२०६२) का अनुसार मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र सन् १९४८ को धारा २६ मा प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार भएको कुरा उल्लेख गरिएकोछ । प्रारम्भिक शिक्षा निःशुल्क र अनिवार्य हुनेछ । प्राविधिक र व्यवसायिक शिक्षा सर्वसुलभ हुनेछ र उच्च स्तरको शिक्षा योग्यताको आधारमा सबैलाई समान रूपले उपलब्ध हुनेछ । मानवको व्यक्तित्वको पूर्ण विकास र मानव अधिकार तथा मौलिक स्वतन्त्रतालाई बलियो बनाउनेतर्फ शिक्षाको प्रसार गरिने छ र शिक्षाद्वारा नै राष्ट्र, जाति र धार्मिक समूहहरूका बीच आपसी सद्भावना, सहिष्णुता र मैत्रीको विकास गराईने छ र शान्ति कायम गर्नका लागि संयुक्त राष्ट्रसंघका प्रयत्नहरूलाई बढाइनेछ । छोराछोरीलाई दिइने शिक्षा रोज्ने प्राथमिक अधिकार आमाबाबुलाई हुनेछ । सामाजिक विभेदिकरणका बारेमा प्राचीन समयदेखि नै विभिन्न दार्शनिक तथा समाजशास्त्रीहरूले आफ्ना विचार वा चिन्तनहरू प्रस्तुत गर्दै आएका छन् । त्यस समयका सामाजिक, राजनैतिक तथा आर्थिक परिवेशका आधारमा समाज सञ्चालनका लागि यस प्रकारका चिन्तनहरू तथा सिद्धान्तहरू प्रस्तुत हुँदै आएका छन् । ग्रिसेली प्रसिद्ध विद्वान प्लेटोले आदर्श राज्यको परिकल्पना गर्दै समाजलाई विभिन्न वर्गमा विभाजन गर्ने, कामको बाँडफाँड गर्ने तथा अनुशासन कायम गर्ने चिन्तन प्रस्तुत गरेका छन् । प्लेटोका यी चिन्तनहरूबाटै सामाजिक विभेदिकरणको चिन्तन प्रादुर्भाव भएको हो । उनका चिन्तनमा अवसरको समानता, निजी सम्पत्तिको उन्मूलन र साझा कल्याणकारी समाजको निर्माण रहेको छ । प्राचिन मानव सभ्यताको त्यस समयमा पनि सामाजिक विभेदिकरणको अस्तित्व रहेको कुरा यी भनाइहरुले प्रमाणित गर्दछ । त्यस समयमा पनि व्यक्तिगत योग्यता, क्षमता, कार्य दक्षता, निपूर्णता, असक्षमता, विद्वता, शक्ति सम्पन्नता तथा विपन्नता, जातीयता, पेशा, व्यवसाय आदि विविध कारणले गर्दा समाजमा सामाजिक असमानताको खाडल र पहुँच दह्रो रूपमा रहेको पाइन्छ ।

अधिकारी, काफ्ले र ढकाल(२०६८) का अनुसार सामाजिक न्यायका दृष्टिकोणले जनजाति आदिवासीलाई शिक्षाको मूलप्रवाहमा ल्याउन गरिएका प्रयासहरु प्रतिस्पर्धाकभन्दा आरक्षनात्मक हुनुपर्ने र उनीहरुलाई सबलता र सक्षमताको आधारमा शैक्षिक अवसर प्रदान गर्नुपर्ने सोचलाई दह्रो समर्थन गर्नुपदर्छ ।

विष्णुप्रसाद अधिकारी (२०७०) का अनुसार नेपालको शैक्षिक विकासका लागि धेरै खालका प्रयास हुँदै आएका छन् । मूलत २००७ सालको प्रजातन्त्र प्राप्तिपछि शिक्षा विकासका कार्यले तीव्रता पाएको हो । तत्पश्चात नै विभिन्न आयोग, समिति, कार्यदल आदि गठन गरी तिनले दिएका विभिन्न

प्रतिवेदन सिफारिसका आधारमा शिक्षा विकासका कार्यहरु हुँदै आएका छन् । त्यस्तै विभिन्न आवधिक योजनाहरुमा पनि विकासका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन हुँदै आएको पाइन्छ । त्यसैगरी शिक्षाको विकासका लागि विभिन्न परियोजना तथा कार्यक्रमहरु पनि लागु गरिएका छन् । सबैका लागि शिक्षा कार्यक्रम, माध्यमिक शिक्षँ सहयोग कार्यक्रम, शिक्षक शिक्षा परियोजना, सामुदायिक विद्यालय सहयोग कार्यक्रम, शिक्षाका लागि सहयोग कार्यक्रम आदि कार्यक्रमहरु शिक्षाका विकासका लागि सञ्चालन गएिका प्रमुख कार्यक्रमहरु हुन् । हाल यी सबै कार्यक्रमलाई समेटेर विद्यालय क्षेत्र सुधार योजना शिक्षा मन्त्रालयद्धारा २०६६/५/४ मा स्वीकृत भई हाल चालु अवस्थामा छ ।

अधिकारी र थापा (२०६८) ले  हाल नेपालमा आदिवासी जनजाति उत्थान प्रतिष्ठान स्थापित भई आफ्नो उद्देश्य नीति तथा कार्यक्रम अनुरुप स्वयत्त संस्थाको रुपमा स्थापित भइसकेको छ । प्रतिष्ठानले आदिवासी जनजातिको सामाजिक, शैक्षिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थानसँग सम्बन्धित कार्यक्रम तर्जुमा र कार्यान्वयन गरी आदिवासी जनजातिको सर्वाङ्गीण विकास गर्ने, आदिवासी जनजातिको भाषा, लिपी संस्कृति, साहित्य, कला आदिको संरक्षण र प्रवर्द्धन उद्देश्य लिएको कुरा उललेख गरेका छन् ।

ढकाल, (२०६६) का अनुसार गरिबी, अन्धविश्वास, अशिक्षा, निरक्षर अभिभावक, पारिवारिको जिम्मेवारी सम्हाल्नुपर्ने बाध्यता, आदिले गर्दा बालबालिकाको विद्यालय सहभागिता कम रहेको पत्ता लगाएका छन् । उनका अनुसार कुमाल बालबालिकाहरूको विद्यालय सहभागिता बढाउन कुमाल जातिको आर्थिक पक्षमा टेवा पुर्‍याउनुपर्ने खालका कार्यक्रम संचालन गर्नुपर्ने, कुमाल विद्यार्थीको सम्पूर्ण खर्च धानिन सक्ने गरी अनिवार्य छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने, पोशाकको व्यवस्था गर्नुपर्ने, घरदैलो अभियान संचालन गरी उनीहरूका बालबालिकालाई विद्यालयमा सहभागि गराउन उत्प्रेरित गर्नुपर्ने, विद्यालयमा अभिभावक संम्मेलन गरी अभिभावकहरूसँग अन्तर्क्रिया गर्नुपर्ने, सानो प्रगति गर्दा पनि पुरस्कार दिएर प्रोत्साहित गर्नुपर्ने, आदि उपाय प्रस्तुत गरेका छन् । एक अध्यायन अनुसार अभिभावकहरूको कृषि पेशामा संम्लग्नता, घरयासी कामकाजमा छोराछोरीको संम्लग्नता, आर्थिक कमजोरीको कारणले आवश्यक कापी कलम किन्न नसक्नु, बालविवाह, भाषिक कठिनाइ आदि कारणले विद्यालयमा बालबालिकाहरूको सहभागिता कम रहेको कुरा पत्ता लगेको छ ।

अधिकारी(२०६८) ले नेपालमा शिक्षाको माध्यम नेपाली भाषा मात्र भएकोले अन्य मातृभाषा बोल्ने सामुदायका बालबालिकाहरुलाई सिकाइमा कठिन भएको महशुस गरी प्रथामिक तहसम्म अनिवार्य

रुपमा मात्रृमाषा शिक्षण र अन्य तहहरुमा आवश्यकता अनुसार शिक्षाको माध्यम मात्रृभाषा बनाउनुपर्ने कुराहरु उल्लेख गरेका छन् ।

यसरी माथि उल्लेखित सम्बन्धित साहित्यको पुनरावलोकन गर्दा समग्र शिक्षाको विकासका लागि व्याक्तिगत तथा गैर सस्थागतका साथै सरकारी तवरमा धेरै प्रयास भएको देखिन्छ । यसमा पनि दलित, उत्पीडित तथा जनजातीहरुको हकमा त झन धेरै प्रयास भएको देखिन्छ । यति हुँदाहुँदै पनि “प्राथमिक तहमा थारु विद्यार्थीको विद्यालयमा उपस्थितिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव” सम्बन्धमा खासै अध्यायन गरिएको पाइएन ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनको लागि कार्ल मार्क्सको वर्ग संघर्षको सिद्धान्त र इमाइल दुर्खाइमको सामाजिक वर्ग र शिक्षा शिद्धान्तलाई सैद्धान्तिक खाकाको रूपमा लिइएको छ ।

शर्मा, (२०६२) का अनुसार मार्क्सको धारणामा सम्पूर्ण पक्षहरूमा र सिङ्गो सामाजिक व्यवस्थाको रूपमा परिवर्तन ल्याउने आधार वर्गसंघर्ष हो । वर्गसंघर्षको सिद्धान्त अनुसार समाजमा विभिन्न वर्गहरू रहेका हुन्छन् । समाजका यी परश्पर विरोधी वर्गहरूका बीचमा आफ्नो-आफ्नो स्वार्थलाई लिएर सामाजिक संघर्षको स्थिति उत्पन्न हुन्छ । यस अन्तर्गत शोषित वर्ग वा मजदुर वर्ग वा श्रमिक वर्ग र पुँजीपति, सामन्ती वा शोषक वर्गहरूबीच उत्पादन प्रक्रिया, उत्पादनको वितरण वा उत्पादनको उपभोगको सम्बन्धमा र उत्पादनका साधनहरूको स्वामित्वका सम्बन्धमा वर्गीय आधारमा सधैँ सामाजिक द्वन्द्व हुने  गर्छ । पुँजीपति वर्गले सधैँ श्रमको शोषण गर्ने र वस्तुको अतिरिक्त मूल्यलाई श्रमिकहरूबाट अलग गरी आफूले मात्र उपभोग गर्ने गर्दछन् । यसले गर्दा श्रमजीवी वर्ग प्रभावित हुन्छ । यस प्रभावले श्रमिक वर्गमा चेतना विकास, संगठनको विकास हुँदै वर्गीय संघर्ष चर्कन्छ । यस प्रकार उत्पन्न भएको दुई वर्गबीचको संघर्ष क्रान्तिकारी र रक्तपातपूर्ण बन्न जान्छ । यसबाट सामाजिक सम्बन्ध, व्यवहार, उत्पादन प्रणाली तथा उत्पादनका साधनहरूमाथिको स्वामित्वमा परिवर्तन हुँदै सिङ्गो सामाजिक संरचनामा परिवर्तन आउँछ अर्थात् जब उत्पादनको तरीका, मान्यता र प्रक्रियामा परिवर्तन आउँछ तब सामाजिक संरचना भित्रका अन्य एकाई र उपएकाईहरूको कार्य प्रणालीमा परिवर्तन आउँछ यो नै संघर्षको सिद्धान्तअनुसारको परिवर्तन  हो ।

यस सिद्धान्तअनुसार समाजमा शोषकका विरुद्ध शोषित, बलियाका विरुद्ध कमजोर वर्गबीच द्वन्द्व भइरहन्छ । द्वन्द्व एक स्वभाविक र सामान्य प्रक्रिया हो । समाजमा व्याप्त गरिबी, असन्तुलित अवस्था, बेरोजगार, कम उत्पादन, पुँजीको एकीकरण, शोषण आदिका कारण वर्गहरूको आपसी स्वार्थ पूरा गर्न संगठित र एकताबद्ध रूपको गुणात्मक पक्षमा वृद्धि हुन्छ । संसारमा पुँजीपति वर्ग न्यून हुन्छन् र सर्वहारा वर्गको संख्यात्मक गुणात्मक वृद्धि हुन्छ । यसले रक्तपातपूर्ण स्थिति पैदा गर्दछ र समाजवाद हुँदै साम्यवादमा फड्को मार्दछ । साम्यवाद भनेको वर्गविहिन अन्तर्राष्ट्रियवादको निर्माण हो । यस अवस्थामा समाजका सामाजिक प्रचलन मान्यता व्यवहार, सम्बन्ध तथा सिङ्गो उत्पादन प्रणालीमा परिवर्तन आउँछ र नयाँ सामाजिक सम्बन्धको स्थापना हुनसक्नेछ ।

मार्क्सले भनेझैं सामाजिक परिवर्तनका प्रक्रियाबाट हुने परिवर्तन होस् या त दुई वर्गबीचको द्वन्द्वबाट हुने परिवर्तन होस् थारु जाति पनि यस प्रक्रियाभन्दा फरक रहेको छैन । यस अर्थमा मार्क्सको विश्लेषणअनुसार थारु बालबालिकाहरूको आर्थिक स्थितिको कारणले उनीहरूको अध्ययनलाई पार्ने प्रभावबारे यो अध्ययनले विश्लेषण गर्ने प्रयास गर्नेछ ।

आचार्य, (२०६२) का अनुसार दुर्खाइमको धारणामा शिक्षा एक सामाजिक वस्तु हो । शिक्षाले प्राप्त गरेका आदर्शहरूलाई नै समाजले आफ्ना आदर्शका रूपमा ग्रहण गर्दछ । शिक्षाले समाजको विकासमा निरन्तर योगदान पुऱ्याउँछ । समाजले शिक्षाका प्रकारहरू निर्धारण गर्दछ  र शिक्षाले सामाजिक आवश्यकताहरूको पूर्ति गर्दछ । उनको विचारमा शिक्षा समाजबाट अलग र समाज शिक्षाबाट अलग रहन सक्दैन । समाजका प्रत्येक व्यक्तिहरूमा साझा गुणहरू विद्यमान हुन्छन् । यस्ता साझा गुणहरूले उनीहरूमा समानता ल्याउँछ र सामाजिक दायित्वको बोध हुन्छ । सामाजिक दायित्व शिक्षाले ग्रहण गर्दछ र यसलाई सामुहिक संस्थाका रूपमा विकसित गरिन्छ । यसरी शिक्षाले समाजका आवश्यकताहरू पूर्ति गर्दछ । सामाजिक विकासमा योगदान पुऱ्याउँछ । शिक्षा पूर्णतया सामाजिक प्रक्रिया हो । यसको छुट्टै चिनारी नै छैन । समाजको रूचि, माग, आदर्श, मूल्य र संस्कारसँगै शिक्षा अघि बढ्दछ । व्यक्ति र समाजको आधारमा नै शिक्षाको अस्तित्व सम्भव हुन्छ । समाजको सामुहिकपन, सामुहिक चेतना र सामुहिक प्रतिनिधित्वजस्ता सिद्धान्तहरूको प्रतिपादन गरी दुर्खाइमले शिक्षाका समाजशास्त्रीय विकासमा योगदान पुऱ्याए ।

दुर्खाइमको भनाइअनुसार व्यक्तिको क्रियाकलापहरू क्रियाशील भएमा सामाजिक क्रियाकलाप पनि क्रियाशील हुन्छ । समाजमा जीवित र क्रियाशील रहनका लागि सामाजिक, सांस्कृतिक मूल्य

मान्यताहरू प्रणालीका रूपमा चल्नु पर्दछ । सबै समाजको वातावरण एकै प्रकारको नहुन सक्छ । एउटा वातावरणको प्रणाली अर्को वातावरणमा लागू नहुन सक्छ । अतः अलग-अलग समाज, जुन समाज जुन प्रणालीमा सञ्चालित छ त्यही प्रणालीका आधारमा त्यो समाज र सामाजिक क्रियाकलापहरूको ब्याख्या र विश्लेषण गरिनुपर्दछ भन्ने धारणा उनले कार्यगत सिद्धान्तहरूमा उल्लेख गरेका छन् । उनका अनुसार एउटा समाजमा जति धेरै सामाजिक तत्व र स्वरूपहरू हुन्छन् त्यति नै शिक्षाका प्रकार हुन्छन् भन्दै समाजमा भइरहने परिवर्तनअनुसार शैक्षिक प्रक्रियामा पनि परिवर्तन  भइरहनुपर्दछ र समाजको प्रत्येक अंशले सिर्जना गरेका आदर्शहरूलाई अर्थ दिन र संरक्षण गर्ने काम शिक्षाले गर्नुपर्छ भनेका छन् । उनी भन्छन् : सामाजिक ऐक्येवद्धता खोजेका विद्यालयबाटै जातिय छुवाछुत, भाषिक थिचोमिचो, संस्कारको दबदबा र धनको दबदबा स्वीकार्ने संस्कार ब्यूँताइदिन्छ दुर्खाइमको  यस सिद्धान्तलाई मनन गर्दा नेपालमा खस भाषा र हिन्दू संस्कृतिको दबदबाले आफ्नो छुट्टै भाषा र संस्कृति भएको थारु विद्यार्थीहरूको सिकाइ उपलब्धीमा बाधा पर्न गएको छ । यसले गर्दा उनीहरूले राम्रोसँग सिक्न र प्रतिस्पर्धा गर्न सक्दैनन् । यस्तो अवस्थामा शिक्षामा समान अवसर भन्ने अवधारणा सही रूपमा लागू हुन सकेको छैन ।

शर्मा एण्ड शर्मा(२०६३) का अनुसार पाउलो फेरेलाई साक्षरता विकासका लागि नयाँ दर्शन प्रतिपादन गर्ने दार्शनिकको रुपमा चिनिन्छ । उनले प्रतिपादन गरेको Regenerating Frerian Literacy through Empowerin community Technique मा उल्लेख गरिएकको  धारणा अनुसार सामुहिक कार्य मार्फत साना-साना कार्यहरुमा विभाजन गरी समस्याका बारेमा जनचेतना जगाउने काम गरिन्छ  । फेरेका अनुसार समूदयका सबै तहमा जनचेतना जगाउन सहभागीहरुलाई साक्षर बनाउन प्रेरित गर्ने पाठ्यक्रम विज्ञहरुले विषय वस्तुलाई निर्माण गर्नुभन्दा सिकारु आफैले पाठको छनौट गर्ने र तल्लो तहको (असाक्षरहरुको) विकास भए मात्र सम्पूर्ण मानवको विकास हुन्छ भन्ने कुरामा जोड दिएका छन् । फेरेले सन् १९५० मा प्रौढ साक्षरता सम्बन्धि सर्बप्रथम प्रककाशमा ल्याए । उनको चिन्तन तल्ला वर्गका प्रौढहरुलाई शिक्षित बनाउनमा केन्द्रित थियो ।

भट्टराईर आचार्य(२०६५) ले उल्लेख गरे अनुसार फेरेका बिचारमा साक्षरता सिकारुको सक्रियतामा हुनुपर्दछ  । सहभागीहरुको अनुभवका आधारमा सिकाइ क्रियाकलाप सञ्चान गरिनुपर्दछ । मानिसलाई समाजमा आफूलाई कठिनपूर्वक बाँच्न बाध्य गराउने तत्वहरुको बारेमा बोल्ने, विरोध गर्ने वा प्रतिवाद गर्ने संस्कार नै छैन । यस्तो मौन संस्कृतिको धेरा तोड्ने बारेमा मानिसको सोचाइ नै छैन ।

यसको मूख्य कारण निरक्षरता हो । अतः मानिसलाई सामाजिक,आर्थिक, राजनीतिक रुपबाट भएको अत्यचार, शोषण, दमन, उत्पीडन र विरोधाभाषको बुझ्ने बनाउनु सचेतीकरण हो । सचेतीकरण ल्याउने प्रमुख कारण शिक्षा हो । साक्षरता विकासका दार्शनिक पाउले फेरेले उनको सिद्धान्तमा उल्लेख गरे अनुसार समाजमा रहेका अशिक्षित। तथा शोसित वर्गलाई पाठ्यक्रमविद्ले निर्माण गरेका ज्ञानभन्दा सहभागितामूलक दैनिक जीवनमा उपयोगी सीप उनीहरु आफैले छनौट गरी सिक्न दिनुपर्दछ । सिकाइका लागि सिकारुद्धारा निर्माण गरिएको शैक्षिक सामग्री प्रयोग गर्नुपर्ने कुरा उल्लेख छ ।

माथि उल्लेखित मार्क्स (सन् १९४८) को दृष्टिकोण र दुर्खाइम (सन् १८५८) को दृष्टिकोणले प्राथमिक तहमा अध्ययनरत बालबालिकाहरूको शैक्षिक उपलब्धिमा वातावरणको प्रभाव अध्ययन गर्न मद्दत पुऱ्याउने हुनाले यो अध्ययनलाई तिनीहरूकै सोंचसँग गाँसिएको छ । यसरी नै साक्षरता विकासका दार्शनिक पाउले फेरेको साक्षरता सम्बन्धि सिद्धान्त अनुसार सिकारुको रुची अनुसारको शिक्षण सिकाइ क्रियाकलापले पनि शैक्षिक उपलब्धि बढाउनमा ठूलो भूमिका खेल्ने हुनाले यस पनि यस अध्ययनसँग जोडिएको छ ।

## २.३ शैक्षिक उपादेयता

यस अध्ययनलाई पूर्णता दिन अगाडि गरिसकिएको पूर्वकार्यहरुको समिक्षा र विभिन्न बैज्ञानिक सिद्धान्तहरूको अध्ययनलाई मार्ग निर्देशको रुपमा लिइएको छ । अध्ययनलाई निश्चित सिद्धान्तमा रहेर अगाडी बढाउन र यस अध्ययनलाई उद्देश्यमुखी बनाई विषयन्तर हुनबाट जोगाउने काममा थप सहयोग मिलेको छ । यसकारण विभिन्न विद्धानहरुको अनुसन्धान एवं रचनाले थारु जातिको जीवनस्तर, आयआर्जन शैक्षिक अवस्था, रहनसहन, लगाइखवाइ,संस्कृति-परम्परा सम्बन्धि अध्ययन भए पनि प्राथमिक तहमा अध्ययनरत विद्यार्थीहरुको विद्यालय उपस्थितिको बारेमा छुट्टै अध्ययनको विषय बनाई अध्ययन नगरिएको परिपेक्ष्यमा यस सम्बन्धि केन्द्रित भई गरिएको यस शोध अध्ययनले थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति बढाई उनीहरुको शैक्षिक उपस्थिति बढाउने कार्यमा एउटा नयाँ आयम थप्नेछ । निश्चित विषयवस्तुमा रहेर निश्चित संरचना तयार गर्नका यसको साथै सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू जस्तैः- विद्यालयका गतिविधिहरू, पारिवारिक अवस्थाहरू, सामाजिक, धार्मिक, सांस्कृतिक, राजनैतिक, आर्थिक तत्वहरू आदि पहिचान गर्न मद्दत मिल्नेछ, जसले गर्दा थारु बालबालिकाको शैक्षिकका साथै सर्वाङ्गिण विकास गराउनको लागि यी तत्वहरूसँग सामन्जस्य गराई

शिक्षण सिकाइ क्रियाकलाप सम्पन्न गर्न विद्यालयका प्राधानाध्यापक, सम्पूर्ण विषय शिक्षकहरु, अभिभावक तथा विद्यालयसंग प्रत्यक्ष राख्ने सरोकारवालाहरु आदिलाई आ-आफ्नो जिम्मेवारी बोध गराई विद्यालयको हरेक कियाकलापमा सकीय सहभागिता गराउन यस अधययनको अहम भूमिका रहनेछ ।

निश्चित शैक्षिक तथा शैक्षणिक रूपरेखाले आशा गरे अनुरूपको सिकाइ उपलब्धि प्राप्त हुन्छ । यस अध्ययनले उक्त शैक्षिक तथा सैद्धान्तिक खाका तयार पार्न सम्बन्धित पक्षलाई सहयोग पुग्नेछ । यसै कारणले पनि यो थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति र सिकाइ उपलब्धि सम्बन्धि गरिएको यो अध्यायन सार्थक हुनेछ भन्ने विश्वास लिइएको छ ।

विभिन्न अध्ययन अनुसनधानको आधारमा हेर्दा जनजातिहरुको लागि राष्ट्रले समष्टिगत रुपमा केहि गर्न खोजेको जस्तो देखिन्छ, तर थारु जातिहरुको लागि अलग्गै उनीहरुको शैक्षिक उन्नतिको लागि भने केहि गरिएको देखिन्दैन । यसैले यस अध्ययनले थारु जातिहरुको बाहुल्यता रहेको ठाँउमा प्रा.वि. तहमा अध्ययनरत थारु विद्यार्थीको विद्यालय उपस्थितिको अवस्था र शैक्षिक उपलब्धिको अवस्थाका साथै सो सम्बन्धि समस्या र समस्या समाधानका उपायहरु पहिचान गरी सुधारका लागि सिफारिस प्रदान गर्न यस अध्ययनले महत्वपूर्ण भूमिका खेल्नेछ

# परिच्छेद : तीन

# अनुसन्धान विधि

अध्ययन आफैमा गहन विषय हो । यसलाई कुनै निश्चित ढाँचामा ब्याबस्थित तरिकाले तथ्याङ्क संकलन गरी संकलित तथ्याङ्कलाई कुनै खास सैद्धान्तिक आधारमा कुनै निश्चित विधी अपनाई ब्याख्या तथा विशलेषण गर्नुपर्दछ । यसको लागि नमुना छनौटको रुपमा कुनै खास ठाउँको तोकिएको जनसंख्यालाई आधार मानी तथ्याङ्क संकलन गर्नुपर्दछ । तथ्याङ्क संकलनका साधन र स्रोत पनि वैधानिक हुनुपर्दछ । तसर्थ यस शोध अध्ययन निम्न विधिहरु अपनाई गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

कुनै पनि अनुसन्धान निश्चित ढाँचामा तयार पारिनुपर्दछ । त्यसैले यो अनुसन्धान परिमाणात्मक, गुणात्मक, वर्णनात्मक तथा मिश्रित ढाँचामा तयार गरिएको छ । तलको तालिकामा देखाइए अनुसारको साधन र विधि र प्रक्रियाबाट प्राप्त तथ्याङ्कलाई अध्ययनको वैचारिक खाँका अन्तर्गत कार्लमार्क्सको सामाजिक वर्गसङ्घर्षको सिद्धान्त, इमाइल दुर्खाइमको सामाजिक वर्ग र शिक्षा सिद्धान्तको चिन्तन तथा पाउलो फेरेलको साक्षरता विकासका लागि नयाँ दर्शन Regenerating Frerian Literacy through Empowerin community Technique**(REFECT)** सँग सम्बद्ध गरी प्रष्ट्याएको छ । आवश्यक अनुसार प्राप्त जानकारीलाई तालिकीकरण गरी व्याख्या र विश्लेषण गरिएको छ ।

| उद्देश्यहरु | साधनहरु | प्रतिक्रियादाताहरु | | | |
|---|---|---|---|---|---|
| | | प्रधानाध्यापक | शिक्षक | विद्यार्थी | अभिभावक |
| प्राथमिक तहमा अध्ययनरत थारु विद्यार्थीहरूको विद्यालय उपस्थिति र शैक्षिक उपलब्धिको अवस्था पत्तालगाउन । | दस्ताबेज अध्यायन | विद्यालयको अभिलेख | | | |
| थारु विद्यार्थीहरूको विद्यालय न्यून उपस्थितिका कारणहरु पत्तालगाउन । | अन्तवार्ता | | | ✓ | ✓ |
| | प्रश्नावली | ✓ | ✓ | | |
| थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति उच्च पारी शैक्षिक उपलब्धि बढाउने उपाय पत्तालगाउन । | अन्तवार्ता | | | ✓ | ✓ |
| | प्रश्नावली | ✓ | ✓ | | |

## ३.२ अध्ययनको जनसंख्या

यस अध्ययनका लागि अध्ययनको जनसंख्याको छनौट उद्देश्यात्मक नमूना छनौट विधि अपनाई छनौट गरिएको छ । यसका लागि पाँचवटा विद्यालयहरु, थारु विद्यार्थीहरु, अन्य विद्यार्थीहरु, छनौट गरिएका प्रत्येक विद्यालयका प्र.अ., शिक्षकहरु र अभिभावकहरुलाई यस अध्ययनको जनसंख्याको रुपमा छनौट गरिएका छन् ।

## ३.३ नमुना छनोट

यस अधययनको नमूना छनौट निम्नानुसार गरिएको छ;

### ३.३.१ जिल्ला छनौट

यस अध्ययनका सुविधाजनक नमूना छनौट विधि अपनाई कोशी अञ्चलको सुनसरी जिल्लालाई नमूना जिल्लाको रुपमा छनौट गरिएको छ ।

### ३.३.२ विद्यालय तथा प्र.अ.को छनौट

हाँसपोसा गा.वि.स. भित्रका थारु समुदायको बाहुल्यता रहेका ५ वटा विद्यालयको प्राथमिक तहलाई उद्देश्यात्मक नमुना छनौट विधिको आधारमा छनौट गरी प्रत्येक विद्यालयका प्र.अ.हरुलाई पनि उद्देश्यात्मक नमुना छनौट विधिकै आधारमा छनौट गरिएको छ । (अनुसुची ५)

### ३.३.३ अभिभावकहरुको छनौट

थारु बालबालिकाको शैक्षिक अवस्थाको अध्ययन गरिने भएकोले अभिभावकहरुमध्येबाट प्रयेक विद्यालयबाट १/१ जनाको दरले जम्मा १० जना अभिभावकलाई उद्देश्यात्मक नमुना छनोटका विधिको आधारमा गरिएको छ । (अनुसुची ६)

### ३.३.४ विद्यार्थी छनौट

छानिएका विद्यालयका विधार्थीहरुमध्येबाट उद्देश्यमूलक छनौट विधिको आधारमा प्रत्येक विद्यालयबाट १/१ जना पर्ने गरी ५ जना थारु तथा ५ जना अन्य विद्यार्थीहरु गरी १० विद्यार्थी छनौट गरिएको छ । (अनुसुची ७ र ८)

### ३.३.५ शिक्षकको छनौट

छानिएका विद्यालयका प्र.अ.तथा शिक्षकहरुमध्येबाट उद्देश्यात्मक नमुना छनोट विधिको आधारमा १/१ जना छनौट गरिएको छ । (अनुसुची ८)

**जनसंख्या तथा नमूना छनौट**

| विवरण | नमूना छनौट | नमूना छनौट विधि |
|---|---|---|
| विद्यालय | ५ | उद्देश्यमूलक |
| प्र.अ. | ५ | उद्देश्यमूलक |
| विद्यार्थी | ५ जना थारु तथा ५ जना अन्य जम्मा १० जना | उद्देश्यमूलक |
| शिक्षक | ५ | उद्देश्यमूलक |
| अभिभावक | १० | उद्देश्यमूलक |

## ३.४ तथ्याङ्कको स्रोत

अध्ययन कार्य पुरा गर्न तथ्याङ्क संकलनका लागि प्राथमिक र सहायक स्रोतहरू दुवै प्रयोग गरिएको छ ।

**प्राथमिक स्रोत**ः प्राथमिक स्रोतका रूपमा विद्यालय, प्र.अ., शिक्षक, स्थलगत सर्वेक्षण, अन्तरवार्ता, प्रश्नावली आदिबाट तथ्याङ्क लिइएको छ ।

**द्वितीय स्रोत**ः द्वितीय स्रोतका रूपमा सम्बन्धित विद्यालयका रेकर्टहरु तथा अभिलेखहरु विद्याथी उपस्थिति बही मार्कलेजर,इन्टरनेट, स्रोतकेन्द्र, जिल्ला शिक्षा कार्यालय, शिक्षा विभाग, शिक्षा मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्क अभिलेख तथा विभिन्न पत्रपत्रिका आदिलाई लिइएको छ ।

## ३.५ तथ्याङ्क संकलनका साधनहरूको निर्माण

क) **अन्तर्वाता** : थारु विद्यार्थीहरुका शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू पहिल्याउन र शैक्षिक उपलब्धि बृद्धि गर्ने उपाय पत्तालगाउन शिक्षक, विद्यार्थी, अभिभावक, प्र.अ. लाई अर्न्तवार्ता र प्रश्नावली तयार गरिएको छ ।

**ख) प्रश्नावलीः-** थारु विद्यार्थीहरुका शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू पहिल्याउन र शैक्षिक उपलब्धि बृद्धि गर्ने उपाय पत्तालगाउन शिक्षक, विद्यार्थी, अभिभावक, प्र.अ. लाई प्रश्नावली तयार गरिएको छ ।

ग) **विद्यार्थी अभिलेख फारम** :- छनौटमा परेका विद्यालयमा अध्ययन गर्ने थारु तथा थारु बाहेक अन्य विद्यार्थीहरूको विद्यालय उपस्थिति तथा शैक्षिक उपलब्धि थाहा पाउनका लागि विद्यालयमा संञ्चित विधार्थी अभिलेख फारम अध्ययन गरिएको छ ।

### ३.६ साधनको वैधताः-

यस अनुसनधानका लागि तयार पारिएका साधनहरुको वैधता कायम गर्नका लागि विषयगत वैधता कायम गर्ने विधि अन्तर्गतको तर्कपूर्ण विश्लेषण विधिको प्रयोग गरिएको छ ।

### ३.७ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनको उद्देश्य अनुसारको तथ्याङ्क संकलन गर्ने क्रममा छनौटमा परेका विद्यालयहरुमा शोधकर्ता स्वयम् आफै गई प्रा.वि.तह(कक्षा १-५सम्म)का थारु तथा अन्य विद्यार्थीको शैक्षिकसत्र २०६८ देखि २०७० सम्मको वार्षिक औसत उपस्थिति र उनीहरुको औसत प्राप्ताङ्क विद्यालयको अभिलेख हेरी संकलन गर्ने कार्य गरिएको छ । साथै थारु तथा अन्य विद्यार्थीहरु र अभिभावकहरुलाई अन्तवार्ता(अनुसूची १ र २ ) तथा प्र.अ.हरु र शिक्षकहरुलाई प्रश्नावली वितरण गरी तथ्याङ्क संकलन गरिएको छ। (अनुसूची ३ देखि ५)

### ३.८ विश्लेषण प्रक्रिया

छनौटमा परेका विद्यालय, प्र.अ., शिक्षक, अभिभावक, विद्यार्थीसँग अनुसन्धानकर्ता आफै सम्बन्धित क्षेत्रमा गई माथिको तालिकामा देखाएअनुसार साधन र विधि प्रयोग गरी संकलन गरिएको तथ्याङ्कलाई गुणात्मक, बर्णनात्मक तथा तथ्याङ्शास्त्रीय विधिबाट विश्लेषण गरिएको छ ।

# परिच्छेद : चार

## तथ्याङ्कको व्याख्या र विश्लेषण

यस अनुसन्धानका लागि प्राप्त भएका तथ्याङ्कलाई निम्नानुसार शीर्षकमा राखी व्याख्या विश्लेषण गरिएको छ । प्रा.वि. तहमा अध्ययनरत थारु बालबालिकाको विद्यालयमा उपस्थितिको अवस्था, थारु विद्यार्थीहरुको शैक्षिक उपलबिधको अवस्था तथा थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति बढाउने उपायहरू सुझाउन यस अध्ययनको उद्देश्य हो । उक्त उद्देश्य पूरा गर्नको लागि छनौटमा परेका हाँसपोसा गा.वि.स.का ५ ओटा विद्यालयका २०६८,२०६९ र २०७० सालको विद्यालय अभिलेख, सम्बन्धित विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावकसंग प्रश्नावली तथा अन्तरवार्ताको माध्यमबाट संकलित जानकारीलाई विभिन्न शीर्षकहरूमा राखी व्याख्या र विश्लेषण गरिएको छ :

४.१ प्रा.वि. तहमा अध्ययनरत थारु बालबालिकाको विद्यालयमा उपस्थितिको अवस्था

४.२ थारु विद्यार्थीहरुको शैक्षिक उपलबिधको अवस्था

४.३ थारु विद्यार्थीहरुको विद्यालय उपस्थितिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव

४.४ थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति उच्च पारी शैक्षिक उपलब्धि बढाउने उपायहरू

### ४.१ प्रा.वि. तहमा अध्ययनरत थारु बालबालिकाको विद्यालयमा उपस्थितिको अवस्था

यस अध्ययनका लागि हाँसपोसा गा.वि.स.मा रहेको ६ वटा सामुदायिक विद्यालयहरूमध्ये उद्देश्यमूलक नमूना छनौट विधिका आधारमा छानिएका ५ वटा विद्यालयका थारु विद्यार्थीहरु र अन्य विद्यार्थीहरुको गत तीन शैक्षिक-सत्रको २०६८,२०६९ र २०७० को वार्षिक औसत उपस्थिति तल तालिकामा प्रस्तुत गरिएको छ । उक्त विद्यालयहरुबाट प्रत्येक शैक्षिक-सत्रको कक्षा १ देखि ५ सम्मका थारु र अन्य विदर्थीहरुको औसत विद्यालय उपस्थितिलाई तुलना गरी थारु विद्यार्थीहरुको विद्यालयमा उपस्थितिको अवस्थालाई व्याख्या र विश्लेषण गरिएको छ ।

**तालिका नं. १**

*( कक्षा १-५सम्मका थारु तथा अन्य विद्यार्थीहरु औसत उपस्थिति तालिका)*

| क.स. | विद्यालयको नाम | औसत उपस्थिति | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०६८ | | २०६९ | | २०७० | |
| | | थारु | अन्य | थारु | अन्य | थारु | अन्य |
| १ | श्री जनसहयोग उ. मा.वि.तरहरा | १२०.२ | १६५.५ | १३८.३ | १६३.१ | १४२.१ | १६५.३ |
| २ | श्री राष्ट्रिय उ. मा. वि.आँपगाछी | ९८.५ | १६५.५ | ८७.७ | १९३.८ | ८२.२ | १५३.५ |
| ३ | श्री अमाह मा.वि. अमाह | १३०.३ | १४९.२ | १३३.३ | १५३.१ | १३२.१ | १५५.३ |
| ४ | श्री पञ्चायत रजतजयन्ती नि.मा. वि. | १५०.३ | १५४.४ | १५३.५ | १५८.५ | १५४.६ | १५७.४ |
| ५ | श्री जनजागृति नि.मा. वि. हाँसपोसा | १५५.४ | १८१.२ | १५४.७ | १९०.५ | १५८.१ | १९५.२ |

**(स्रोतः-विद्यालय दस्तावेज**
**शैक्षिक-सत्र २०६८,२०६९ र २०७०**

### ४.१.१ शैक्षिक-सत्रको २०६८ को औसत उपस्थिति विश्लेषण :-

शैक्षिक-सत्रको २०६८ मा माथि उल्लेखित पाँचै ओटा विद्यालयहरुमा थारु र अन्य विद्यार्थीहरुको औसत उपस्थितिलाई अलग्गै निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २**


| क.स | | औसत उपस्थिति | | | |
|---|---|---|---|---|---|
| | विद्यालयको नाम | थारु | | अन्य | |
| | | औसत | प्रतिशत | औसत | प्रतिशत |
| १ | श्री जनसहयोग उ. मा.वि.तरहरा | १२०.२ | ५४.६४% | १६५.५ | ७५.२३% |
| २ | श्री राष्ट्रिय उ. मा. वि.आँपगाछी | ९८.५ | ४४.७७% | १६५.५ | ७५.२३% |
| ३ | श्री अमाह मा.वि. अमाह | १३०.३ | ५९.२३% | १४९.२ | ६७.८२% |
| ४ | श्री पञ्चायत रजतजयन्ती नि.मा. वि. | १५०.३ | ५४.६४% | १५४.४ | ७०.१८ % |
| ५ | श्री जनजागृति नि.मा. वि. हाँसपोसा | १५५.४ | ७०.६४% | १८१.२ | ८२.३२% |

*(औसत उपस्थिति तालिका २०६८)*

प्रस्तुत शोध पत्रको लागि छनौट गरिएका पाँचै ओटा विद्यालयहरुको स्थलगत अध्ययन गर्ने क्रममा शैक्षिक-सत्र २०६८ मा प्रा.वि. तहमा थारु विद्यार्थीहरु र अन्य विद्यार्थीको अलग अलग वार्षिक औसत उपस्थिति माथि तालिकामा उल्लेख भए अनुसार पाइयो । जम्मा २२० दिन विद्यालय खुल्नुपर्नेमा जम्मा २२० दिन नै विद्यालय खुलेको १७५ दिन पढाइ भएको ३२ दिन परीक्षा सञ्चालन भएको, ७ दिन अतिरिक्त क्रियाकलाप सञ्चालन भएको र ६ दिन विद्यालय खुले पनि विभिन्न कारण पढाइ नभएको  पाइयो । तुलानात्मक रुपमा यी पाँचै ओटा विद्यालयहरुमा थारु विद्यार्थीहरुको औसत

विद्यालय उपस्थिति अन्य विद्याथीहरुको भन्दा  कम भएको पाइयो । यी पाँचै ओटा विद्यालयमध्ये थारु विदेयार्थीहरुको औसत विद्यालय उपस्थिति सबैभन्दा बढी श्री जनजागृती प्रा.वि.मा १५५.४ अर्थात ७०.६४% र सबैभन्दा कम श्री राष्ट्रिय उ. मा. वि.आँपगाछीमा ९८.५ अर्थात ४४.७७% पाइयो । यसलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :-

**चित्र नं.१**




(*औसत उपस्थिति* )

**४.१.२. शैक्षिक-सत्रको २०६९ को औसत उपस्थिति विश्लेषण :-**

शैक्षिक-सत्रको २०६९ मा पनि छनौटमा परेका पाँचै ओटा विद्यालयहरुमा थारु र अन्य विद्यार्थीहरुको औसत उपस्थितिलाई अलग्गै निम्न तालिकामा प्रस्तुत गरिएको छ ।


**तालिका नं. ३**

| क.स. | | औसत उपस्थिति | | | |
|---|---|---|---|---|---|
| | विद्यालयको नाम | थारु | | अन्य | |
| | | औसत | प्रतिशत | औसत | प्रतिशत |
| १ | श्री जनसहयोग उ. मा.वि.तरहरा | १३८.३ | ६२.८७% | १६३.१ | ७४.१४% |
| २ | श्री राष्ट्रिय उ. मा. वि.आँपगाछी | ८७.७ | ३९.८६% | १९३.८ | ८८.१0% |
| ३ | श्री अमाह मा.वि. अमाह | १३३.३ | ६०.६०% | १५३.१ | ६९.६०% |
| ४ | श्री पञ्चायत रजतजयन्ती नि.मा. वि. | १५३.५ | ६९.७७% | १५८.५ | ७२.४५% |
| ५ | श्री जनजागृति नि.मा. वि. हाँसपोसा | १५४.७ | ७०.३२% | १९०.५ | ८६.५९४% |

*(औसत उपस्थिति तालिका २०६९)*

प्रस्तुत शोध पत्रको लागि छनौट गरिएका पाँचै ओटा विद्यालयहरुको स्थलगत अध्ययन गर्ने क्रममा शैक्षिक-सत्र २०६९ मा पनि प्रा.वि. तहमा थारु विद्यार्थीहरु र अन्य विद्यार्थीको अलग अलग वार्षिक औसत उपस्थिति माथि तालिकामा उल्लेख भए अनुसार पाइयो । जम्मा २३२ दिन विद्यालय खुल्नुपर्नेमा जम्मा विद्यालय खुलेको दिन २२० नै खुलेको, १७६ दिन पढाइ भएको, ३२ दिन परीक्षा सञ्चालन भएको र ८ दिन अतिरिक्त कार्यक्रम सञ्चालन भएको र ४ दिन विद्यालय खुले पनि विभिन्न कारणले पढाइ नभएको पाइयो । तुलानात्मक रुपमा यस शैक्षिक सत्रमा पनि यी पाँचै ओटा विद्यालयहरुमा थारु विद्यार्थीहरुको औसत विद्यालय उपस्थिति अन्य विद्याथीहरुको भन्दा कम भएको पाइयो भने यस साल पनि यी थारु विदेयार्थीहरुको औसत विद्यालय उपस्थिति सबैभन्दा बढी श्री जनजागृती प्रा.वि.मा १५४.७ अर्थात ७०.३२% र सबैभन्दा कम श्री राष्ट्रिय उ. मा. वि.आँपगाछीमा ८७.७ अर्थात ३९.८६% पाइयो । यसलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :-

**चित्र नं.२**




*(औसत उपस्थिति )*

### ४.१.३. शैक्षिक-सत्रको २०७०  को औसत उपस्थिति विश्लेषण :-

शैक्षिक-सत्रको २०७० मा पनि छनौटमा परेका पाँचै ओटा विद्यालयहरुमा थारु र अन्य विद्यार्थीहरुको औसत उपस्थितिलाई अलग्गै निम्न तालिकामा प्रस्तुत गरिएको छ ।


**तालिका नं. ४**

| क.स. | | औसत उपस्थिति | | | |
|---|---|---|---|---|---|
| | विद्यालयको नाम | थारु | | अन्य | |
| | | औसत | प्रतिशत | औसत | प्रतिशत |
| १ | श्री जनसहयोग उ. मा.वि.तरहरा | १४२.१ | ६४.६०% | १६५.३ | ७५.१४% |
| २ | श्री राष्ट्रिय उ. मा. वि.आँपगाछी | ८२.२ | ३७.६३ % | १५३.५ | ६९.७७% |
| ३ | श्री अमाह मा.वि. अमाह | १३२.१ | ६०.०५% | १५५.३ | ७०.६०% |
| ४ | श्री पञ्चायत रजतजयन्ती नि.मा. वि. | १५४.६ | ७०.२७% | १५७.४ | ७१.५५% |
| ५ | श्री जनजागृति नि.मा. वि. हाँसपोसा | १५८.१ | ७१.८६% | १९५.२ | ८८.७३% |

*(औसत उपस्थिति तालिका २०७०)*

प्रस्तुत शोध पत्रको लागि छनौट गरिएका पाँचै ओटा विद्यालयहरुको स्थलगत अध्ययन गर्ने क्रममा शैक्षिक-सत्र २०७० मा पनि प्रा.वि. तहमा थारु विद्यार्थीहरु र अन्य विद्यार्थीको अलग अलग वार्षिक औसत उपस्थिति माथि तालिकामा उल्लेख भए अनुसार पाइयो । जम्मा २३२ दिन विद्यालय खुल्नुपर्नेमा जम्मा विद्यालय खुलेको दिन २२० नै खुलेको, १७५ दिन पढाइ भएको, ३२ दिन परीक्षा सञ्चालन भएको र ७ दिन अतिरिक्त कार्यक्रम सञ्चालन भएको र ६ दिन विद्यालय खुले पनि विभिन्न कारण पढाइ नभएको पाइयो । तुलानात्मक रुपमा यस शैक्षिक सत्रमा पनि यी पाँचै ओटा विद्यालयहरुमा थारु विद्यार्थीहरुको औसत विद्यालय उपस्थिति अन्य विद्याथीहरुको भन्दा  कम भएको पाइयो भने यस साल पनि यी थारु विदेयार्थीहरुको औसत विद्यालय उपस्थिति सबैभन्दा बढी श्री जनजागृती प्रा.वि.मा १५८.१ अर्थात ७१.८६% र सबैभन्दा कम श्री राष्ट्रिय उ. मा. वि.आँपगाछीमा ८२.२ अर्थात ३७.३६% पाइयो । यसलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :-

**चित्र नं. ३**




(**औसत उपस्थिति**)

## ४.२ थारु विद्यार्थीहरुको शैक्षिक उपलब्धिको अवस्थाको विलेषण :-

यस अध्ययनका लागि हाँसपोसा गा.वि.स.मा रहेको ६ वटा सामुदायिक विद्यालयहरूमध्ये उद्देश्यमूलक नमूना छनौट विधिका आधारमा छानिएका ५ वटा विद्यालयका थारु विद्यार्थीहरु र अन्य विद्यार्थीहरुको गत तीन शैक्षिक-सत्र २०६८, २०६९ र २०७० को वार्षिक औसत प्राप्ताङ्कलाई तल तालिकामा प्रस्तुत गरिएको छ । संकलित तथ्याङ्कलाई थारु र अन्य विद्र्थीहरुले प्राप्त गरेका औसत उपलब्धिलाई तुलना गरी थारु विद्यार्थीहरुको शैक्षिक उपलब्धिको अवस्थालाई प्रत्येक शैक्षिक सत्रको अलग-अलग व्याख्या र विश्लेषण गरिएको छ ।

**तालिका नं. ५**

*(कक्षा १-५सम्मका थारु तथा अन्य विद्यार्थीहरु औसत उपलब्धि तालिका)*

| क.स. | विद्यालयको नाम | शैक्षिक उपलब्धि | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०६८ | | २०६९ | | २०७० | |
| | | थारु | अन्य | थारु | अन्य | थारु | अन्य |
| १ | श्री जनसहयोग उ. मा.वि.तरहरा | २५०.५ | ३६८.३ | २१०.३ | ३६७.६ | २१९.४ | ३९०.५ |
| २ | श्री राष्ट्रिय उ. मा. वि.आँपगाछी | १४५.३. | २५०.५ | १५६.३ | २६५.७ | १३२.३ | २७१.५ |
| ३ | श्री अमाह मा.वि. अमाह | १९९.४ | २४९.२ | २०९.२ | २२३.१ | १८९.६ | २३४.१ |
| ४ | श्री पञ्चायत रजतजयन्ती नि.मा. वि. | २४०.५ | ३२२.४ | २३४.७ | २९२.५ | २४४.७ | ३१२.३ |
| ५ | श्री जनजागृति नि.मा. वि. हाँसपोसा | २१६.७ | ३५८.४ | १८६.५ | ३६१.५ | १९६.७ | ३७१.४ |

**स्रोतः-विद्यालय दस्तावेज**
**शैक्षिक-सत्र २०६८,२०६९ र २०७०**

### ४.२.१ शैक्षिक-सत्रको २०६८ को औसत शैक्षिक उपलब्धि विश्लेषण :-

शैक्षिक-सत्रको २०६८ मा माथि उल्लेखित पाँचै ओटा विद्यालयहरुमा थारु र अन्य विद्यार्थीहरुको औसत शैक्षिक उपलब्धिलाई अलग्गै निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६**


*(औसत उपलब्धि तालिका २०६८)*

| क.स | विद्यालयको नाम | औसत उपलब्धि | | | |
|---|---|---|---|---|---|
| | | थारु | | अन्य | |
| | | औसत | प्रतिशत | औसत | प्रतिशत |
| १ | श्री जनसहयोग उ. मा.वि.तरहरा | २५०.५ | ४१.७५ % | ३६८.३ | ६१.३८% |
| २ | श्री राष्ट्रिय उ. मा. वि.आँपगाछी | १४५.३ | २४.२७ % | २५०.५ | ४१.२७% |
| ३ | श्री अमाह मा.वि. अमाह | १९९.४ | ३३.२३% | २४९.२ | ४१.५३% |
| ४ | श्री पञ्चायत रजतजयन्ती नि.मा. वि. | २४०.५ | ४०.०८% | ३२२.४ | ५३.७३% |
| ५ | श्री जनजागृति नि.मा. वि. हाँसपोसा | २१६.७ | ३६.१२% | ३५८.४ | ५९.७३% |

प्रस्तुत शोध पत्रको लागि छनौट गरिएका पाँचै ओटा विद्यालयहरुको स्थलगत अध्ययन गर्ने कममा शैक्षिक-सत्र २०६८ मा प्रा.वि. तहमा थारु विद्यार्थीहरु र अन्य विद्यार्थीको अलग अलग वार्षिक औसत प्राप्ताङ्क माथि तालिकामा उल्लेख भए अनुसार पाइयो । कक्षा १ देखि ५ सम्मका सम्पूर्ण थारु विद्यार्थीहरुले प्राप्त गरेका औसत प्राप्ताङ्क र थारु बाहेक अन्य विद्रयार्थीहरुले प्राप्त गरेका औसत प्राप्ताङ्क र प्रतिशत प्राप्ताङ्क प्रत्येक विद्यालयको अलग अलग निकालिएको छ । यसरी निकालिएको औसत प्राप्ताङ्कलाई विद्यालयगत रुपमा तुलना गरी अध्ययन गर्दा तुलानात्मक रुपमा पाँचै ओटा

विद्यालयहरुमा थारु विद्यार्थीहरुको औसत प्राप्ताङ्क अन्य विद्याथीहरुको भन्दा  कम भएको पाइयो । थारु विदेयार्थीहरुको औसत शैक्षिक उपलब्धि सबैभन्दा बढी श्री जनसहयोग उ.मा.वि मा २५०.५ अर्थात ४१.७५ % र सबैभन्दा कम श्री राष्ट्रिय उ. मा. वि.आँपगाछीमा १४५.३ अर्थात २४.२७ % पाइयो । यसलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :-

**चित्र नं.४**




**(औसत उपलब्धि)**

### ४.२.२. शैक्षिक-सत्रको २०६९  को औसत उपलब्धि विश्लेषण :-

शैक्षिक-सत्रको २०६९ मा माथि उल्लेखित पाँचै ओटा विद्यालयहरुमा थारु र अन्य विद्यार्थीहरुको औसत शैक्षिक उपलब्धिलाई अलग्गै निम्न तालिकामा प्रस्तुत गरिएको छ ।


**तालिका नं. ७**

***(औसत उपलब्धि तालिका २०६९)***

| क.स. | | औसत उपलब्धि | | | |
|---|---|---|---|---|---|
| | विद्यालयको नाम | थारु | | अन्य | |
| | | औसत | प्रतिशत | औसत | प्रतिशत |
| १ | श्री जनसहयोग उ. मा.वि.तरहरा | २१०.३ | ३५% | ३६७.६ | ६१.२७% |
| २ | श्री राष्ट्रिय उ. मा. वि.आँपगाछी | १५६.३ | २६.१०% | २६५.७ | ४४.२८% |
| ३ | श्री अमाह मा.वि. अमाह | २०९.२ | ३४.८७% | २२३.१ | ३७.१८% |
| ४ | श्री पञ्चायत रजतजयन्ती नि.मा. वि. | २३४.७ | ३९.१२% | २९२.५ | ४८.७५% |
| ५ | श्री जनजागृति नि.मा. वि. हाँसपोसा | १८६.५ | ३१.०८% | ३६१.५ | ६०.२५% |

प्रस्तुत शोध पत्रको लागि छनौट गरिएका पाँचै ओटा विद्यालयहरुको स्थलगत अध्ययन गर्ने क्रममा शैक्षिक-सत्र २०६९ मा पनि प्रा.वि. तहमा थारु विद्यार्थीहरु र अन्य विद्यार्थीको अलग अलग वार्षिक औसत प्राप्ताङ्क माथि तालिकामा उल्लेख भए अनुसार पाइयो । कक्षा १ देखि ५ सम्मका सम्पूर्ण थारु विद्यार्थीहरुले प्राप्त गरेका औसत प्राप्ताङ्क र थारु बाहेक अन्य विद्रयार्थीहरुले प्राप्त गरेका औसत प्राप्ताङ्क र प्रतिशत प्राप्ताङ्क प्रत्येक विद्यालयको अलग अलग निकालिएको छ । यसरी निकालिएको औसत प्राप्ताङ्कलाई विद्यालयगत रुपमा तुलना गरी अध्ययन गर्दा तुलानात्मक रुपमा यस शैक्षिक-सत्रमा पनि पाँचै ओटा विद्यालयहरुमा थारु विद्यार्थीहरुको औसत प्राप्ताङ्क अन्य विद्याथीहरुको भन्दा  कम नै भएको पाइयो । यस शैक्षिक-सत्रमा भने थारु विद्यार्थीहरुको औसत शैक्षिक उपलब्धि सबैभन्दा बढी श्री पञ्चायत रजतजयन्ती नि.मा. वि.मा २३४.७ अर्थात ३९.१२% र सबैभन्दा कम श्री राष्ट्रिय उ. मा. वि.आँपगाछीमा १५६.३ अर्थात २६.१०% पाइयो । यसलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :-

**चित्र नं.५**




**(औसत उपलब्धि)**

### ४.२.३. शैक्षिक-सत्रको २०७० को औसत उपलब्धि विश्लेषण :-


शैक्षिक-सत्रको २०७० मा माथि उल्लेखित पाँचै ओटा विद्यालयहरुमा थारु र अन्य विद्यार्थीहरुको औसत शैक्षिक उपलब्धिलाई अलग्गै निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८**
***(औसत उपलब्धि तालिका२०७०)***

| क. स. | विद्यालयको नाम | औसत उपलब्धि | | | |
|---|---|---|---|---|---|
| | | थारु | | अन्य | |
| | | औसत | प्रतिशत | औसत | प्रतिशत |
| १ | श्री जनसहयोग उ. मा.वि.तरहरा | २१९.४ | ३६.२७% | ३९०.५ | ६५.१२% |
| २ | श्री राष्ट्रिय उ. मा. वि.आँपगाछी | १३२.३ | २२.१०% | २७१.५ | ४५.२५% |
| ३ | श्री अमाह मा.वि. अमाह | १८९.६ | ३१.६०% | २३४.१ | ३९.०२% |
| ४ | श्री पञ्चायत रजतजयन्ती नि.मा. वि. | २४४.७ | ४०.७८% | ३१२.३ | ५२.०३% |
| ५ | श्री जनजागृति नि.मा. वि. हाँसपोसा | १९६.७ | ३२.७८% | ३७१.४ | ६१.९०% |

प्रस्तुत शोध पत्रको लागि छनौट गरिएका पाँचै ओटा विद्यालयहरुको स्थलगत अध्ययन गर्ने क्रममा शैक्षिक-सत्र २०७० मा पनि प्रा.वि. तहमा थारु विद्यार्थीहरु र अन्य विद्यार्थीको अलग अलग वार्षिक औसत प्राप्ताङ्क माथि तालिकामा उल्लेख भए अनुसार पाइयो । कक्षा १ देखि ५ सम्मका सम्पूर्ण थारु विद्यार्थीहरुले प्राप्त गरेका औसत प्राप्ताङ्क र थारु बाहेक अन्य विद्रयार्थीहरुले प्राप्त गरेका औसत प्राप्ताङ्क र प्रतिशत प्राप्ताङ्क प्रत्येक विद्यालयको अलग अलग निकालिएको छ । यसरी निकालिएको औसत प्राप्ताङ्कलाई विद्यालयगत रुपमा तुलना गरी अध्ययन गर्दा तुलानात्मक रुपमा यस शैक्षिक-सत्रमा पनि पाँचै ओटा विद्यालयहरुमा थारु विद्यार्थीहरुको औसत प्राप्ताङ्क अन्य विद्याथीहरुको भन्दा  कम नै भएको पाइयो । यस शैक्षिक-सत्रमा भने थारु विद्यार्थीहरुको औसत शैक्षिक उपलब्धि सबैभन्दा बढी श्री पञ्चायत रजतजयन्ती नि.मा. वि..मा २४४.७ अर्थात ४०.७८% ३९.१२% र सबैभन्दा कम श्री राष्ट्रिय उ. मा. वि.आँपगाछीमा १३२.३ अर्थात २२.१०% पाइयो । यसलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :-

**चित्र नं.६**




**(औसत उपलब्धि)**

यसरी नै माथि उल्लेखित तथ्याङ्क अनुसार अध्यायन गरिएका पाँचै ओटा विद्यालयहरुमा थारु विद्यार्थीहरुले प्राप्त गरेका औसत प्राप्ताङ्क अन्य विद्यार्थीले प्राप्त गरेका औसत प्राप्ताङ्कभन्दा तुलनात्मक रुपमा कम देखिन्छ । यसले के स्पष्ट हुन्छ भने थारु विद्यार्थीहरुको सिकाइउपलब्धि अन्य विद्यार्थीहरुको भन्दा कम छ ।

यी पाँचै ओटा विद्यालयमा थारु विद्यार्थीहरुको औसत उपस्थिति कम हुँदा सिकाइ उपबिध पनि कम भएको देखिन्छ ।

**४.२.४. विषयगत शैक्षिक उपलब्धि विश्लेषण**

यस अध्ययनका लागि हाँसपोसा गा.वि.स.मा रहेको ६ वटा सामुदायिक विद्यालयहरूमध्ये उद्देश्यमूलक नमूना छनौट विधिका आधारमा छानिएका ५ वटा विद्यालयका थारु विद्यार्थीहरु र अन्य विद्यार्थीहरुको गत  तीन शैक्षिक-सत्र २०६८, २०६९ र २०७० को विषयगत औसत प्राप्ताङ्कलाई तल तालिकामा प्रस्तुत गरिएको छ

**तालिका नं. ९**

| क.स. | विषय | २०६८ | | २०६९ | | २०७० | |
|---|---|---|---|---|---|---|---|
| | | थारु | अन्य | थारु | अन्य | थारु | अन्य |
| १ | नेपाली | ३२ | ५५ | ३२ | ४९ | ३३ | ५२ |
| २ | अँग्रेजी | ३१ | ५३ | ३५ | ४८ | ३१ | ५३ |
| ३ | गणित | ३८ | ५२ | ३३ | ५० | ३४ | ५५ |
| ४ | सामाजिक अध्ययन तथा सिर्जनात्मक कला | ३९ | ५४ | ३२ | ५२ | ३३ | ५३ |
| ५ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा | ३९ | ५३ | ३५ | ४९ | ३२ | ५१ |
| ६ | ऐं अँग्रेजी | ३६ | ५१ | ३४ | ५२ | ३४ | ५२ |

कक्षा १ देखि ५ सम्मको विषयगत शैक्षिक उपलब्धि तालिका

**स्रोत : स्थलगत सर्वेशक्षण, २०७०**

माथि तालिकोको आधारमा कक्षा १ देखि ५ सम्मको विषयगत उपलब्धिको औसत अङ्कलाई नियाल्दा पनि २०६८, २०६९ र २०७० तीनै सालमा थारु विद्यार्थीहरुको विषयगत शैक्षिक उपलब्धि अन्य विद्यार्थीको भन्दा न्यून नै रहेको छ । यी तीनै सालको थारु विद्यार्थीहरुको मात्र शैक्षिक उपलब्धिलाई हेर्दा सबैभन्दा कम नेपाली विषयमा क्रमशः ३२, ३२ र ३३ रहेको छ, जबकी अन्य विद्यार्थीहरुको क्रमशः ५५, ४९ र ५२ छ । सालगत रुपमा हेर्दा थारु विद्यार्थीहरुको शैक्षिक उपलब्धि २०६८ सालमा अन्य सालहरुमा भन्दा तुलनात्मक रुपमा राम्रो रहेको छ भने अन्य विद्यार्थीको हकमा पनि २०६८ सालमा नै राम्रो रहेको छ । थारु विद्यार्थीहरुको अनिवार्य अँग्रेजी विषयमा थारु विद्यार्थीको औसत अङ्क ३१/३१ अर्थात उत्तीङ्क दरभन्दा कम रहेको छ भने अन्य विषयको औसत अङ्क तेस्रो श्रेणी अन्तरगत रहेको छ । अन्य विद्यार्थीहरुको हकमा भने सबै विषयको औसत अङ्क दोस्रो श्रेणीको अन्तरमा रहेको छ ।

## ४.३ थारु विद्यार्थीहरुको विद्यालय उपस्थितिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव

माथि तथ्याङ्कलाई अध्ययन गर्दा यस अध्यायनको लागि छनौटमा परेका पाँचै ओटा विद्यालयका थारु विद्यार्थीहरुको औसत वार्षिक विद्यालय उपस्थिति र औसत शैक्षिक उपलब्धिलाई तल तालिकामा प्रस्तुत गरी ब्याख्या विश्लेषण गरिएको छ । यसको साथै प्र.अ.,शिक्षक, विद्यार्थीका अभिभावक तथा विद्यार्थीहरु स्वम्बाट प्राप्त सुचनाहरुलाई समेत निम्न अनुसार ब्याख्या विश्लेषण गरिएको छ ।

### ४.३.१. शैक्षिक-सत्र २०६८ को थारु विद्यार्थीहरुको औसत वार्षिक उपस्थिति र औसत शैक्षिक उपलब्धिको तुलानात्मक विशलेषण

शैक्षिक-सत्र २०६८ को थारु विद्याथीको औसत उपस्थिति र उनीहरुको शैक्षिक औसत उपलब्धिलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरी औसत वार्षिक उपस्थिति र औसत शैक्षिक उपलब्धिको तुलानात्मक विशलेषण गरिएको छ ।

**तालिका १०**


**(शैक्षिक-सत्र २०६८ औसत उपस्थिति र औसत प्राप्ताङ्कको तुलानात्मक अध्ययन)**

| क्र.श. | विद्यालय | थारु विद्यार्थी | | अन्य विद्यार्थी | |
|---|---|---|---|---|---|
| | | औसत उपस्थिति | औसत प्राप्ताङ्क | औसत उपस्थिति | औसत प्राप्ताङ्क |
| १ | श्री जनसहयोग उ. मा.वि.तरहरा | १२०.२ | २५०.५ | १६५.५ | ३६८.३ |
| २ | श्री राष्ट्रिय उ. मा. वि.आँपगाछी | ९८.५ | १४५.३. | १६५.५ | २५०.५ |
| ३ | श्री अमाह मा.वि. अमाह | १३०.३ | १९९.४ | १४९.२ | २४९.२ |
| ४ | श्री पञ्चायत रजतजयन्ती नि.मा. वि. | १५०.३ | २४०.५ | १५४.४ | ३२२.४ |
| ५ | श्री जनजागृति नि.मा. वि. हाँसपोसा | १५५.४ | २१६.७ | १८१.२ | ३५८.४ |

माथिको तालिकालई अध्ययन गर्दा शैक्षिक-सत्र २०६८ मा छनौटमा परेका पाँचै विद्यालयमा थारु विद्यार्थीहरुको औसत उपस्थिति अन्य विद्यार्थीहरुको भन्दा कम पाइयो । कुल विद्यालय खोलिनुपर्ने जम्मा २२० दिनमध्ये सबैभन्दा बढि श्री जनजागृति नि.मा. वि. हाँसपोसामा थारु विद्यार्थीहरुको औसत उपस्थिति १५५.४ दिन र श्री राष्ट्रिय उ. मा. वि.आँपगाछीमा थारु विद्यार्थीहरुको औसत उपस्थिति ९८.५दिन मात्र पाइयो । तुलानात्मक रुपमा अध्ययन गर्दा यस शैक्षिक-सत्रमा थारु विद्यार्थीहरुको औसत उपस्थिति अन्य विद्यार्थीहरुको भन्दा कम हुनुका साथै शैक्षिक उलब्धि पनि कम नै भएको पाइयो । यसको साथै तुलानात्मक रुपमा विद्यालय उपस्थिति कम भएको विद्यालयमा शैक्षिक उलब्धि पनि कम नै भएको पाइयो । थारु विद्यार्थीहरुको मात्रै तुलना गर्दा पनि जुन विदेयालयमा उनीहरुको औसत उपस्थिति बढि छ त्यस विद्यालयमा तुलानात्मक रुपमा शैक्षिक उलब्धि पनि बढि नै भएको पाइयो । यसबाट विद्यार्थीहरुको विद्यालय उपस्थितिले शैक्षिक उपलब्धिमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । थारु विद्यार्थीहरुको हकमा उनीहरुको विद्यालय उपस्थिति अन्य विद्यार्थीहरुको तुलनामा न्यून भएको

कारणले गर्दा उनीहअरुको शैक्षिक उपलब्धि पनि अन्य विद्यार्थीहरुको तुलनामा न्यून नै रहेको पाइयो । यसलमई थप प्रष्ट पार्नका लागि तल चार्टमा प्रस्तुत गरिएको छ ।

**चित्र नं.७**




(औसत उपस्थिति र औसत प्राप्ताङ्कको तुलनात्मक अध्ययन)

### ४.३.२. शैक्षिक-सत्र २०६९ को थारु विद्यार्थीहरुको औसत वार्षिक उपस्थिति र औसत शैक्षिक उपलब्धिको तुलानात्मक विशलेषण

शैक्षिक-सत्र २०६९को थारु विद्याथीको औसत उपस्थिति र उनीहरुको शैक्षिक औसत उपलब्धिलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरी औसत वार्षिक उपस्थिति र औसत शैक्षिक उपलब्धिको तुलानात्मक विशलेषण गरिएको छ ।

**तालिका नं. ११**

**(शैक्षिक-सत्र २०६९ औसत उपस्थिति र औसत प्राप्ताङ्कको तुलनात्मक अध्ययन)**

| क्र.श. | विद्यालय | थारु विद्यार्थी | | अन्य विद्यार्थी | |
|---|---|---|---|---|---|
| | | औसत उपस्थिति | औसत प्राप्ताङ्क | औसत उपस्थिति | औसत प्राप्ताङ्क |
| १ | श्री जनसहयोग उ. मा.वि.तरहरा | १३८.३ | २१०.३ | १६३.१ | ३६७.६ |
| २ | श्री राष्ट्रिय उ. मा. वि.आँपगाछी | ८७.७ | १५६.३ | १९३.८ | २६५.७ |
| ३ | श्री अमाह मा.वि. अमाह | १३३.३ | २०९.२ | १५३.१ | २२३.१ |
| ४ | श्री पञ्चायत रजतजयन्ती नि.मा. वि. | १५३.५ | २३४.७ | १५८.५ | २९२.५ |
| ५ | श्री जनजागृति नि.मा. वि. हाँसपोसा | १५४.७ | १८६.५ | १९०.५ | ३६१.५ |

माथिको तालिकालई अध्ययन गर्दा शैक्षिक-सत्र २०६८ मा छनौटमा परेका पाँचै विद्यालयमा थारु विद्यार्थीहरुको औसत उपस्थिति अन्य विद्यार्थीहरुको भन्दा कम पाइयो । कुल विद्यालय खोलिनुपर्ने जम्मा २३२ दिनमध्ये २०० दिन विद्यालय खोलिएकोमा सबैभन्दा बढि श्री जनजागृति नि.मा. वि. हाँसपोसामा थारु विद्यार्थीहरुको औसत उपस्थिति १५४.४ दिन र सबैभन्दा कम श्री राष्ट्रिय उ. मा. वि.आँपगाछीमा  थारु विद्यार्थीहरुको औसत उपस्थिति ८७.७ दिन मात्र पाइयो । तुलानात्मक रुपमा अध्ययन गर्दा यस शैक्षिक-सत्रमा पनि थारु विद्यार्थीहरुको औसत उपस्थिति अन्य विद्यार्थीहरुको भन्दा कम हुनुका साथै शैक्षिक उलब्धि पनि कम नै भएको पाइयो । यसको साथै तुलानात्मक रुपमा  विद्यालय उपस्थिति कम भएको विद्यालयमा शैक्षिक उलब्धि पनि कम नै भएको पाइयो । थारु विद्यार्थीहरुको मात्रै तुलना गर्दा पनि जुन विद्यालयमा उनीहरुको औसत उपस्थिति बढि छ त्यस विद्यालयमा तुलानात्मक रुपमा शैक्षिक उलब्धि पनि बढि नै भएको पाइयो । यसबाट विद्यार्थीहरुको विद्यालय उपस्थितिले शैक्षिक उपलब्धिमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । थारु विद्यार्थीहरुको हकमा उनीहरुको विद्यालय उपस्थिति अन्य विद्यार्थीहरुको तुलनामा न्यून भएको कारणले गर्दा उनीहअरुको शैक्षिक उपलब्धि पनि अन्य विद्यार्थीहरुको तुलनामा न्यून नै रहेको पाइयो । यसलमई थप प्रष्ट पार्नका लागि तल चार्टमा प्रस्तुत गरिएको छ ।

**चित्र नं.८**



(औसत उपस्थिति र औसत प्राप्ताङ्कको तुलनात्मक अध्ययन)

### ४.३.३. शैक्षिक-सत्र २०७० को थारु विद्यार्थीहरुको औसत वार्षिक उपस्थिति र औसत शैक्षिक उपलब्धिको तुलानात्मक विशलेषण

शैक्षिक-सत्र २०७० को थारु विद्याथीको औसत उपस्थिति र उनीहरुको शैक्षिक औसत उपलब्धिलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरी औसत वार्षिक उपस्थिति र औसत शैक्षिक उपलब्धिको तुलानात्मक विशलेषण गरिएको छ ।

**तालिका नं. १२**


**शैक्षिक-सत्र २०७० औसत उपस्थिति र औसत प्राप्ताङ्कको तुलानात्मक अध्ययन**

| क्र.श. | विद्यालय | थारु विद्यार्थी | | अन्य विद्यार्थी | |
|---|---|---|---|---|---|
| | | औसत उपस्थिति | औसत प्राप्ताङ्क | औसत उपस्थिति | औसत प्राप्ताङ्क |
| १ | श्री जनसहयोग उ. मा.वि.तरहरा | १४२.१ | २१९.४ | १६५.३ | ३९०.५ |
| २ | श्री राष्ट्यि उ. मा. वि.आँपगाछी | ८२.२ | १३२.३ | १५३.५ | २७१.५ |
| ३ | श्री अमाह मा.वि. अमाह | १३२.१ | १८९.६ | १५५.३ | २३४.१ |
| ४ | श्री पञ्चायत रजतजयन्ती नि.मा. वि. | १३४.६ | २४४.७ | १५७.४ | ३१२.३ |
| ५ | श्री जनजागृति नि.मा. वि. हाँसपोसा | १५८.१ | १९६.७ | १९५.२ | ३७१.४ |

माथिको तालिकालई अध्ययन गर्दा शैक्षिक-सत्र २०७० मा छनौटमा परेका पाँचै विद्यालयमा थारु विद्यार्थीहरुको औसत उपस्थिति अन्य विद्यार्थीहरुको भन्दा कम पाइयो । कुल विद्यालय खोलिनुपर्ने जम्मा २३२ दिनमध्ये सबैभन्दा बढि श्री जनजागृति नि.मा. वि. हाँसपोसामा थारु विद्यार्थीहरुको औसत उपस्थिति १५८.१ दिन र सबैभन्दा कम श्री राष्ट्यि उ. मा. वि.आँपगाछीमा थारु विद्यार्थीहरुको औसत उपस्थिति ८२.२ दिन मात्र पाइयो । तुलानात्मक रुपमा अध्ययन गर्दा यस शैक्षिक-सत्रमा पनि थारु विद्यार्थीहरुको औसत उपस्थिति अन्य विद्यार्थीहरुको भन्दा कम हुनुका साथै शैक्षिक उलब्धि पनि कम नै भएको पाइयो । यसको साथै तुलानात्मक रुपमा विद्यालय उपस्थिति कम भएको विद्यालयमा शैक्षिक उलब्धि पनि कम नै भएको पाइयो । थारु विद्यार्थीहरुको मात्रै तुलना गर्दा पनि जुन विद्यालयमा उनीहरुको औसत उपस्थिति बढि छ त्यस विद्यालयमा तुलानात्मक रुपमा शैक्षिक उलब्धि पनि बढि नै भएको पाइयो । यसबाट विद्यार्थीहरुको विद्यालय उपस्थितिले शैक्षिक उपलब्धिमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । थारु विद्यार्थीहरुको हकमा उनीहरुको विद्यालय उपस्थिति अन्य विद्यार्थीहरुको तुलनामा

न्यून भएको कारणले गर्दा उनीहरुको शैक्षिक उपलब्धि पनि अन्य विद्यार्थीहरुको तुलनामा न्यून नै रहेको पाइयो । यसलाई थप प्रष्ट पार्नका लागि तल चार्टमा प्रस्तुत गरिएको छ ।

**चित्र नं.९**




(औसत उपस्थिति र औसत प्राप्ताङ्कको तुलनात्मक अध्ययन)

**४.३.४.थारु विद्यार्थीहरुको विद्यालय उपस्थितिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव सम्बन्धमा प्र.अ.,शिक्षक अभिभावक तथा स्वयं विद्यार्थीहरुको धारणाको ब्याख्या विश्लेषण:**

विद्यार्थीहरुको विद्यालय उपस्थितिले विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा कस्तो प्रभाव पार्दछ भनी बुझ्नका लागि छनोटमा परेका पाँचै ओटा विद्यालयका प्र.अ. र शिक्षकसँग प्रश्नावली(अनुसूची-१ र २) अभिभावक तथा स्वयं विद्यार्थीहरुसंग अन्तवार्ता (अनुसूची-३ र ४) को माध्यमबाट सूचना सङ्कलन गरिएको थियो । यस बारे सबैले विद्यार्थीहरुको विद्यालय उपस्थितिले विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा प्रत्यक्ष प्रभाव पार्ने धारणा ब्यक्त गरेको पाइयो । वास्तवमा थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति न्यून भएकोले गर्दा नै उनीहरुको शैक्षिक उपलब्धि पनि अन्य विद्यार्थीहरुको तुलनामा न्यून भएको भन्ने सबैको साझा धारणा पाइयो । यसरी शैक्षिक उपलब्धि नै कमजोर हुने गरी थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति न्यून हुनुका कारणहरु र न्यून उपस्थितिको प्रभाव निम्नानुसार रहेको देखिन्छ :

**४.३.४.१.प्र.अ.हरुको धारणाः-** थारु विद्यार्थीहरुको विद्यालय उपस्थितिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव सम्बन्धमा छनौटमा परेका प्रायः सबै प्र.अ.हरुको विचारमा थारु विद्यार्थीहरु अन्य विद्यार्थीहरुको तुलनामा कम विद्यालय आउने गरेकोले त्यसको प्रभाव स्वतः शैक्षिक उपलब्धिमा पर्ने गरेको पाइयो, जसको कारणले गर्दा थारु विद्यार्थीहरुको शैक्षिक उपलब्धि पनि अन्य विद्यार्थीहरुको भन्दा कम भएको पाइयो ।

**४.३.४.२.,शिक्षकहरुको धारणाः** थारु विद्यार्थीहरुको विद्यालय उपस्थितिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव सम्बन्धमा छनौटमा परेका शिक्षकहरुको धारणा बुझ्दा पनि प्रायः सबै शिक्षकहरुको धारणा समान रहेको पाइयो । शिक्षकहरुको विचारमा पनि  थारु विद्यार्थीहरु अन्य विद्यार्थीहरुको तुलनामा विद्यालया कम आउने गरेकोले उनीहरुको शैक्षिक उपलब्धि अन्य विद्यार्थीहरुको भन्दा कम भएको पाइयो ।

**४.३.४.३.अभिभावकहरुको धारणाः** थारु विद्यार्थीहरुको विद्यालय उपस्थितिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव सम्बन्धमा छनौटमा परेका अभिभावकहरुको धारणा बुझ्दा प्रायः सबै अभिभावकहरुले पनि थारु विद्यार्थीहरु अन्य विद्यार्थीहरुको तुलनामा विद्यालया कम जाने गरेकोले उनीहरुको शैक्षिक उपलब्धि अन्य विद्यार्थीहरुको भन्दा कम भएको कुरा बताएको पाइयो ।

**४.३.४.४.विद्यार्थीहरुको धारणाः** थारु विद्यार्थीहरुको विद्यालय उपस्थितिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव सम्बन्धमा छनौटमा परेका अभिभावकहरुको धारणा बुझ्दा प्रायः सबै थारु विद्र्थीहरुले पनि घरायसी कामको कारण विद्यालय जान नपाएको बताए भने केही थारु विद्र्थीहरुले विद्यालयमा पढाएको कुरा नबुझेकोले विद्यालय जान मन नलाग्ने गरेको पनि बत्ताएको पाइयो । अन्य विद्यार्थीहरुको विचारमा पनि थारु विद्यार्थीहरु विद्यालया कम आउने गरेकोले उनीहरुको शैक्षिक उपलब्धि अन्य विद्यार्थीहरुको भन्दा कम भएको कुरा बताएको पाइयो ।

यसरी माथि उल्लेखित प्र.अ.हरु, शिक्षकहरु, अभिभावकहरु तथा विद्यार्थीहरुको धारणा अनुसार थारु विद्यार्थीहरु अन्य विद्यार्थीहरुको तुलनामा विद्यालय कम आउनुका कारणहरु निम्नानुसार रहेको पाइयोः-

**क) गरीबी तथा बेरोजगार :** प्र.अ.हरु, शिक्षकहरु, अभिभावकहरुको साझा धारणा यो पाइयो कि  एक समय थारुहरु यस अध्ययन क्षेत्रका भूमीको मालिक कहलिए तापनि करीब ८०% थारु गरीबी रेखामूनी छन् । यही गरीबीको कारणले प्राय धेरै जसो थारु अभिभावकहरु दैनिक रोजगारीका जानुपर्ने भएकोले

आ-आफ्नो बालबच्चाहरुलाई विद्यालय पठाउनुको साट्टो घरायसी काममा लगाउने गरेको देखिन्छ । कतिपय थारु बालबालिकाहरु विद्यालय जानुको साट्टो स्वयं आफै पनि बालश्रमिकको रुपमा जाने गरेको पनि पाइयो । यसले गर्दा प्रत्येक विद्यालयमा थारु विद्रयार्थीहरुको शैक्षिक उपलब्धि न्यून रहेको पाइयो ।

**ख) कृषिमा आश्रित पेशा** : प्र.अ.हरु, शिक्षकहरु, अभिभावकहरुको धारणा अनुसार यस क्षेत्रको मूख्य पेशा कृषि भएकोले यस क्षेत्रका थारुहरु पनि यसदेखि अछुतो रहेको पाइएन । त्यसैले खेतिपाती लगाउने र उठाउने सिजनमा यस क्षेत्रका कतिपय थारुहरु आफ्नो तथा अरुको खेतबारीमा काम गर्न जानुपर्ने भएकोले थारु विद्यार्थीहरु विद्यालय कम जाने गरेको पाइयो । यो पनि थारु विद्यार्थीहरुको औसत उपस्थिति कमजोर बनाउने एउटा प्रमुख कारक तत्वको रुपमा पाइयो ।

**ग) अशिक्षा** : प्र.अ.हरु, शिक्षकहरु, अभिभावकहरुको विचारमा थारु विद्यार्थीको विद्यालय उपस्थिति न्यून गराउने अर्को प्रमुख कारक तत्वको रुपमा अशिक्षा रहेको पाइयो । अशिक्षाको कारणले थारु अभिभावहरुमा उज्जल भविश्यको लागि बालबालिकाहरु विद्यालय पठाउनुपर्दछ भन्ने चेतनाको कमी थारु भविभावकहरुमा पाइयो, जसको कारणले गर्दा थारु बालबालिकाहरु विद्यालय नजाने गरेको पाइयो । यसले पनि थारु विद्यार्थीहरुको औसत उपस्थिति कमजोर भएको पाइयो ।

**घ)सामाजिक-सांस्कृतिक परम्परा:** प्र.अ.हरु र शिक्षकहको धारणा अनुसार सामाजिक-सांस्कृतिक परम्पराको कारण पनि थारु विद्यार्थी विद्यालय नियमित नआउनुको एक प्रमुख कारणको रुपमा पाइयो किनकि धेरै जसो थारु विद्यार्थीहरु सामाजिक-सांस्कृतिक परम्परा अनुसार विभिन्न तीथिमितिमा लाग्ने मेला तथा हाटबजारको कारणले पनि थारु विद्थीहरु विद्यालयकम जाने गरेको पाइयो । यसले पनि थारु विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा नकारात्मक प्रभाव पर्ने गरेको पाइयो ।

**ङ) सामाजिक वातावरण** : प्र.अ.हरु, शिक्षकहरु, अभिभावकहरुको विभारमा थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति न्यून हुनुका कारणहरुहरुमध्ये सामाजिक वातावरण पनि एक हो । समाजमा व्याप्त धूमपान, मद्यपान, झैझगडा,यौनदूराचार,व्याभिचार डनप्रथा आदिको कारणले किशोरावस्थाका थारु विद्यार्थीहरुलाई पनि प्रभाव पारेकोले थारु विद्यार्थीहरु विद्यालय नियमित नजाने गरेको पाइयो । यस प्रकारको अनियमिताको कारणले पनि थारु विद्यार्थीहरुको शैक्षिक उपलब्धि न्यून भएको देखिन्छ ।

**च) भाषिक कठिनाइ** : थारु विद्यार्थीहरुको विचारमा उनीहरुको विद्यालय उपस्थिति न्यून हुनुका कारणहरुमध्ये एउटा प्रमुख कारण भाषिक कठिनाइ पनि भएको तथ्य पुष्टि भएको छ । धेरै जसो थारु

समूदायमा बोलचालको भाषा मात्रृभाषा (थारुभाषा) भएकोले थारु विद्यार्थीहरुलाई विद्यालयमा नेपाली भाषा बोल्न र पढ्न कठिनाइ भएको पाइयो । यसरी थारु विद्यार्थीहरुलाई नेपाली भाषा नै बोल्न, पढ्न र पढ्न कठिनाइ भएपछि उनीहरुको शैक्षिक उपलब्धि स्वतः कम हुने नै भयो ।

**छ) पूर्व तयारीको कमीः** प्र.अ. तथा अभिभावकहरुको विचारमा शिक्षकहरुको पूर्व तयारीको कमी पनि थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति कम हुनुको एक प्रमुख कारण हो । प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप गरी लक्षित शैक्षिक उपलब्धि प्राप्त गर्नका लागि पूर्व तयारीको साथ कक्षाकोठा प्रवेश गर्नु अति आवश्यक हुन्छ । विषय शिक्षकहरुमा यो कुराको अभाव पाइयो । थारुहरुको बाहुल्यता भएको विद्यालका शिक्षकहरुले पनि थारु भाषा बोल्न जान्ने शिक्षकको अभाव देखियो । यसको कारणले थारु विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा की भएको पाइयो ।

**ज) विद्यालय प्रसाशनको बेवास्थाः** शिक्षक, अभिभावक तथा विद्यार्थीहरुको धारणा अनुसार आफ्नो सेवाक्षेत्रभित्रका थारु अभिभावकहरु, थारु अगुवा कार्यकर्ताहरु तथा सम्पूर्ण शिक्षक परिवार मिली थारु विद्यार्थीहरुको शैक्षिक उपलब्धि बढाउनका लागि कुनै पहल नगरेको पाइयो । यो पनि उनीहरुको शैक्षिक उपलब्धि न्यून हुने कारण भएको देखियो ।

**झ) विद्यालयमा बालमैत्री वातावरणको अभावः** अभिभावकहरु तथा विद्यार्थीहरुको धारणा अनुसार विद्यालयको वातावरण बालमैत्री नभएको विद्यार्थीहरु नै विद्यालय जान नचाहने र आएकाहरु पनि बीचैमा भागेर घर जाने गरेको कुरा अभिभावकहरुको पाइयो । यस्तो “खाए खा, नखाए घिच्” को विद्यालय वातावरण भएकोले पनि थारु विद्यार्थीहरुको शैक्षिक उपलब्धि न्यून भएको धारणा पनि पाइयो ।

## ४.४ थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति उच्च पारी शैक्षिक उपलब्धि बढाउने उपायहरूको बारेमा प्र.अ.,शिक्षक, विद्यार्थीका अभिभावक तथा विद्यार्थीको धारणाः

यस अध्यायनको कममा नमूना क्षेत्रभित्रका छनौटमा परेका विद्यालयका प्र.अ.,शिक्षक, विद्यार्थीका अभिभावकहरु तथा विद्यार्थीहरु स्वयंको थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति उपस्थिति बढाई उनीहरुको शैक्षिक उपलब्धि बढाउने उपायहरूको बारेमा प्र.अ. र शिक्षकलाई प्रश्नावली(अनुसूची-१ र २) तथा विद्यार्थीहरु र अभिभावकहरु अन्तर्वाताको माध्यमबाट सूचना सङ्कलन गरी व्याख्या विश्लेषण गर्दा निम्नानुसार पाइयो ।

**४.४.१.प्र.अ.हरुको धारणाः-** थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति उच्च पारी शैक्षिक उपलब्धि बढाउन निम्न उपायहरु अपनाउन सकिने धारणा प्रायः सबै प्र.अ.हरुको पाइयो ।

**क) गरीबी न्यूनीकरणः** थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति अनियमित वा न्यून हुनुका प्रमुख कारण गरीबी भएकोले गरीबी न्यूनीकरण गर्नका लागि पहल गर्नुपर्ने धारणा यस शोध अध्ययनमा छनौट गरिएका प्राय सबै व्यक्तिहरुको पाइयो । यसरी गरीबी न्यूनीकरण गर्नसकिएको खण्डमा थारु विद्यार्थीहरु पनि नियमित विद्यालय आउन पाउने र उनीहरुको शैक्षिक उपलब्धि बढ्ने धारणा पनि पनि पाइयो ।

**ख) रोजगारको ब्याबस्थाः** थारु विद्यार्थीहरु विद्यालय नियमित नआउनुको अर्को प्रमुख कारण बेरोजगारी पनि भएको यसलाई न्यूनीकरण गर्न सकेको खण्डमा थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति नियमित भई उनीहरुको शैक्षिक उपलब्धि बढ्ने अवस्था देखियो ।

**ग) जनचेतनाको विस्तारः** थारु अभिाभवकहरुले शिक्षालाई गौण सम्झेकाले शिक्षाको महत्व बुझाउनका लागि जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने धारणहरु  शिक्षक तथा अभिभावकहरुको रहेको पाइयो । यसो गर्नाले पनि थारु विद्यार्थीहरुको विद्यालय उपस्थितिमा वद्धि शैक्षिक उपलब्धि पनि वृद्धि हुनेछ भन्ने धारणा प्राय सबैको पाइयो ।

**४.४.२.,शिक्षकहरुको धारणाः** थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति उच्च पारी शैक्षिक उपलब्धि बढाउन निम्न उपायहरु अपनाउन सकिने धारणा प्रायः सबै शिक्षकहरुको पाइयो ।

**क) आधुनिक कृषि प्रणालीमा जोडः** थारु विद्यार्थीका अभिभावकरु ब्ढी कृषि पेशामा सङ्लग्न हुनुपर्ने भएकोले उनीहरुका बालबच्चाहरु खेतिको समयमा विद्यालय जान नपाउने भएकोले समय सापेक्ष आधुनिक कृषि प्रणाली अपनाउन सके यो समस्या केहि हतसम्म कम हुने र विद्यालय उमेरका बालबच्चाहरुलाई बालश्रमिक बनाउन नहुने सल्लाह पनि पाइयो ।

**ख) सामाजिक कुसंस्कारको अन्त्यः** थारु बालबालिकाहरु विद्यालय जाने समयमा विद्यालय नगई पूजापाठ, मेला, हाटबजार आदिमा जाने पाइएकोले यस्ता बालबालिकाहरुको भविश्यलाई प्रत्यक्ष असर पार्ने  सामाजिक संस्कारहरुलाई क्रमशः हटाउँदै लैजानु पर्ने धारणा अभिभावक तथा शिक्षकहरुको पाइयो ।

**ग) सामाजिक विकृतिहरुको न्यूनीकरणः** थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति न्यून हुनुका कारणहरुहरुमध्ये सामाजिक वातावरण पनि एक भएकोले समाजमा व्याप्त धूमपान, मद्यपान,

झैझगडा,यौनदूराचार,व्याभिचार डनप्रथा आदि विकृतिहरुलाई अभिभावक, थारु अगुवाहरु, विद्यालय प्रसाशन, स्थानीय समाजसेवीहरु, स्थानीय प्रसाशन तथा राजनीतिककर्मी सबैको प्रयासमा न्यूनीकरण गर्दै लैजानु पर्ने धारणा पनि सबैको पाइयो ।

४.४.३.**अभिभावकहरुको धारणाः** थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति उच्च पारी शैक्षिक उपलब्धि बढाउन निम्न उपायहरु अपनाउन सकिने धारणा प्रायः सबै अभिभावकहरुको पाइयो ।

**क) भाषाको व्याबस्थापनः** थारु विद्यार्थीहरुको शैक्षिक उपलब्धि न्यून हुनुको प्रमुख कारण भाषाको कठिनाइ प्रमुख भएकोले यस समस्यालाई हल गर्नका लागि प्रत्येक विद्यालयमा कक्षा १-५ सम्म पठनपाठनको माध्यम थारु भाषा हुनु पर्ने धारणा शिक्षक, अभिभावक, प्र.अ.तथा विद्यार्थीहरुको पाइयो ।

**ख) चुस्त-दुरुस्त विद्यालय व्याबस्थापन तथा प्रसाशनः** थारु विद्यार्थीहरुको शैक्षिक उपलब्धि बढाउनका लागि थारु अभिभावकहरुसंग समय समयमा अन्तर्क्रिया गरिरहनुपर्ने, विद्यालयको वातावरण बालमैत्री बनाउनु पर्ने, छात्रवृतिको उचित वितरण गर्नुपर्ने, विद्यार्थीहरुलाई पुरस्कारको व्याबस्था गर्नुपर्ने, कक्षा १-५ सम्मका सबै दि्यार्थीहरुलाई खाजाको प्रबन्ध गर्नुपर्ने जस्ता धारणा सबैको पाइयो ।

**ग) नीतिगत व्याबस्थाः** सरकारले थारु बाहुल्यता भएको प्रा.वि. तहको विद्यालयमा थारु शिक्षकको दरबन्दी सृजना गर्नुपर्ने, थारु शिक्षक नभएको विद्यालयहरुमा अन्य प्रा.वि. शिक्षकहरुलाई अनिवार्य रुपमा थारु भाषाको प्रशिक्षण दिनुपर्ने, पाठ्यक्रममा समय सापेक्ष सुधार गरी समसामयिक र व्याबहारिक बनाउनु पर्दछ, चालु परीक्षा प्रणालीमा सुधार गरी सैद्धान्तिक ज्ञान र व्यापहारिक दुवैको मापन र मूल्याङ्कनको आधार बनाउनु पर्दछ । यसो गरिएको खण्डमा थारु विद्यार्थीहरुको विद्यालयय उपस्थितिमा बृद्धि भई शैक्षिक उपलब्धि बढ्ने धारणा प्र.अ. शिक्षक, अभिभावक तथा विद्यार्थीहरु सबैको पाइयो ।

४.४.४.**विद्यार्थीहरुको धारणाः** थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति उच्च पारी शैक्षिक उपलब्धि बढाउन निम्न उपायहरु अपनाउन सकिने धारणा प्रायः सबै अभिभावकहरुको पाइयो ।

**क) विद्यालयमा बालमैत्री वातावरणको निर्माणः** अभिभावकहरु तथा विद्यार्थीहरुको धारणा अनुसार विद्यालयको वातावरण बालमैत्री नभएको विद्यार्थीहरु नै विद्यालय जान नचाहने र आएकाहरु पनि बीचैमा भागेर घर जाने गरेको कुरा अभिभावकहरुको पाइएकोले यस्तो “खाए खा, नखाए घिच्” को विद्यालय वातावरणलाई बालमैत्री बनाउनुपर्ने विद्यार्थीहरुको धारणा पाइयो ।

**ख) भाषाको ब्याबस्थापनः** थारु विद्यार्थीहरुको शैक्षिक उपलब्धि न्यून हुनुको प्रमुख कारण भाषाको कठिनाइ प्रमुख भएकोले यस समस्यालाई हल गर्नका लागि प्रत्येक विद्यालयमा कक्षा १-५ सम्म पठनपाठनको माध्यम थारु भाषा हुनु पर्ने धारणा विद्यार्थीहरुको पाइयो ।

**ग) विद्यालयमा खाजाको ब्याबस्थापन तथा पुरस्कारको ब्यावस्थाः** थारु विद्यार्थीहरुको शैक्षिक उपलब्धि बढाउनका लागि थारु अभिभावकहरुसंग समय समयमा छात्रवृतिको उचित वितरण गर्नुपर्ने, विद्यार्थीहरुलाई पुरस्कारको ब्याबस्था गर्नुपर्ने, कक्षा १-५ सम्मका सबै दि्यार्थीहरुलाई खाजाको प्रबन्ध गर्नुपर्ने जस्ता धारणा सबैको पाइयो ।

# परिच्छेद-पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरू

### ५.१ प्रा प्तिहरू

"थारु विद्यार्थीहरुको विद्यालयमा उपस्थितिले सिकाइ उपलब्धिमा पारेको प्रभाव" सम्बन्धमा गरिएको यो शोधकार्य सुनसरी जिल्ला हाँसपोसा गा.वि.स.का ५ ओटा विद्यालयलाई क्षेत्र बनाई अध्ययन गरिएको थियो । यो कायकम सञ्चालन गर्नको लागि छनौटमा परेका विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावकसंग थारु बलबालिकाको विद्यालयमा उपस्थितिको अवस्था, थारु विद्यार्थीहरुको शैक्षिक उपलबिधको अवस्था तथा थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति बढाउने उपायहरूको बारेमा अनुसुचीमा दिए बोमजिमको  प्रश्नावली, अन्तरवार्ता तथा दस्तावेज अध्ययनको माध्यमबाट संकलित जानकारीलाई विभिन्न शीर्षकहरूमा राखी व्याख्या र विश्लेषण गर्दा निम्न अनुसारको तथ्यहरु पत्ता लागेका छन् ।

**५.१.१  प्रा.वि. तहमा अध्ययनरत थारु बालबालिकाको विद्यालयमा उपस्थितिको अवस्था**

क) शैक्षिक-सत्रको २०६८ मा पाँचै ओटा विद्यालयहरुमा थारु विद्यार्थीहरुको  औसत उपस्थिति अन्य विद्यार्थीहरुको औसत उपस्थितिभन्दा न्यून भएको पाइयो ।

ख) शैक्षिक-सत्र २०६८ मा जम्मा २२० दिन विद्यालय खोलिएकोमा सबैभन्दा बढी थारु विदेयार्थीहरुको औसत विद्यालय उपस्थिति श्री जनजागृती प्रा.वि.मा १५५.४ दिन अर्थात ७०.६४% र सबैभन्दा कम श्री राष्ट्रिय उ. मा. वि.आँपगाछीमा ९८.५ दिन अर्थात ४४.७७% पाइयो ।

ग) शैक्षिक-सत्र २०६८ मा जम्मा २२० दिन विद्यालय खोलिएकोमा सबैभन्दा बढी अन्य विद्यार्थीहरुको औसत विद्यालय उपस्थिति श्री जनसहयोग उ. मा.वि.तरहरामा १६५.५ दिन अर्थात ७५.२३% र सबैभन्दा कम श्री अमाह मा.वि. अमाह १४९.२ दिन अर्थात ६७.८२% पाइयो ।

घ) शैक्षिक-सत्र २०६९ मा पनि पाँचै ओटा विद्यालयहरुमा थारु विद्यार्थीहरुको  औसत उपस्थिति र अन्य विद्यार्थीहरुको औसत उपस्थितिभन्दा न्यून भएको पाइयो ।

ङ) शैक्षिक-सत्र २०६९ मा जम्मा २२० दिन विद्यालय खोलिएकोमा सबैभन्दा बढी थारु विदेयार्थीहरुको औसत विद्यालय उपस्थिति श्री पञ्चायत रजतजयन्ती नि.मा. वि १५३.५ दिन अर्थात ६९.७७% र सबैभन्दा कम श्री राष्ट्रिय उ. मा. वि.आँपगाछीमा ८७.७ दिन अर्थात ३९.८६% पाइयो ।

च) शैक्षिक-सत्र २०६९ मा जम्मा २२० दिन विद्यालय खोलिएकोमा सबैभन्दा बढी अन्य विद्यार्थीहरुको औसत विद्यालय उपस्थिति श्री राष्ट्रिय उ. मा. वि.आँपगाछी १९३.८ दिन अर्थात ८८.१०% र सबैभन्दा कम श्री अमाह मा.वि. अमाह १५३.१ दिन अर्थात ६९.६०% पाइयो ।

छ) शैक्षिक-सत्र २०७० मा पनि पाँचै ओटा विद्यालयहरुमा थारु विद्यार्थीहरुको औसत उपस्थिति र अन्य विद्यार्थीहरुको औसत उपस्थितिभन्दा न्यून नै भएको पाइयो ।

ज) शैक्षिक-सत्र २०७० मा जम्मा २२० दिन विद्यालय खोलिएकोमा सबैभन्दा बढी थारु विदेयार्थीहरुको औसत विद्यालय उपस्थिति श्री जनजागृति नि.मा. वि. हाँसपोसा १५८.१ दिन अर्थात ७१.८६% र सबैभन्दा कम श्री राष्ट्रिय उ. मा. वि.आँपगाछीमा ८७.७ दिन अर्थात ३७.६३ % पाइयो ।

झ) शैक्षिक-सत्र २०७० मा जम्मा २२०त्रत्रत्रत्रत्रत्रत्र दिन विद्यालय खोलिएकोमा सबैभन्दा बढी अन्य विद्यार्थीहरुको औसत विद्यालय उपस्थिति श्री जनजागृति नि.मा. वि. हाँसपोसा १९५.२ दिन अर्थात ८८.७३% र सबैभन्दा कम श्री अमाह मा.वि. अमाह १५३.५ दिन अर्थात ६९.७७% पाइयो ।

### ५.१.२ प्रा.वि. तहमा अध्ययनरत थारु विद्यार्थीहरुको शैक्षिक उपलब्धिको अवस्था

क) शैक्षिक-सत्र २०६८ मा थारु विद्यार्थीको औसत प्राप्ताङ्क र अन्य विद्यार्थीको औसत प्राप्ताङ्क तुलना गर्दा सबै विद्यालयहरुमा थारु विद्यार्थीको औसत प्राप्ताङ्क अन्य विद्यार्थीको औसत प्राप्ताङ्क भन्दा न्यून भएको पाइयो ।

ख) शैक्षिक-सत्र २०६८,मा थारु विद्यार्थीको औसत प्राप्ताङ्क सबैभन्दा बढी श्री जनसहयोग उ. मा.वि.तरहरामा २५०.५ अर्थात ४१.७५ % र सबैभन्दा कम श्री राष्ट्रिय उ. मा. वि.आँपगाछीमा १४५.३ अर्थात २४.२७ % पाइयो भने अन्य विद्यार्थीको औसत प्राप्ताङ्क सबैभन्दा बढी श्री जनसहयोग उ. मा.वि.तरहरामा ३६८.३ अर्थात ६१.३८% र सबैभन्दा कम श्री राष्ट्रिय उ. मा. वि.आँपगाछीमा २५०.५ अर्थात ४१.२७% पाइयो ।

ग) शैक्षिक-सत्र २०६९ मा पनि थारु विद्यार्थीको औसत प्राप्ताङ्क र अन्य विद्यार्थीको औसत प्राप्ताङ्क तुलना गर्दा सबै विद्यालयहरुमा थारु विद्यार्थीको औसत प्राप्ताङ्क अन्य विद्यार्थीको औसत प्राप्ताङ्क भन्दा न्यून भएको पाइयो ।

घ) शैक्षिक-सत्र २०६९,मा पनि थारु विद्यार्थीको औसत प्राप्ताङ्क सबैभन्दा बढी श्री पञ्चायत रजतजयन्ती नि.मा. वि.मा २३४.७ अर्थात ३९.१२% र सबैभन्दा कम श्री राष्ट्रिय उ. मा.

वि.आँपगाछीमा १५६.३ अर्थात २६.१०% पाइयो भने अन्य विद्यार्थीको औसत प्राप्ताङ्क सबैभन्दा बढी श्री जनसहयोग उ. मा.वि.तरहरामा ३६७.६ अर्थात ६१.२७% र सबैभन्दा कम श्री अमाह मा.वि. अमाहमा २२३.१ अर्थात ३७.१८% भएको पाइयो ।

ङ) शैक्षिक-सत्र २०७० मा पनि थारु विद्यार्थीको औसत प्राप्ताङ्क र अन्य विद्यार्थीको औसत प्राप्ताङ्क तुलना गर्दा सबै विद्यालयहरुमा थारु विद्यार्थीको औसत प्राप्ताङ्क अन्य विद्यार्थीको औसत प्राप्ताङ्क भन्दा न्यून भएको पाइयो ।

च) शैक्षिक-सत्र २०७० मा पनि थारु विद्यार्थीको औसत प्राप्ताङ्क सबैभन्दा बढी श्री पञ्चायत रजतजयन्ती नि.मा. वि.मा २४४.७ अर्थात ४०.७८% र सबैभन्दा कम श्री राष्ट्रिय उ. मा. वि.आँपगाछीमा १३२.३ अर्थात २२.१०% पाइयो भने अन्य विद्यार्थीको औसत प्राप्ताङ्क सबैभन्दा बढी श्री जनसहयोग उ. मा.वि.तरहरामा ३९०.५ अर्थात ६५.१२% र सबैभन्दा कम श्री अमाह मा.वि. अमाहमा २३४.१ अर्थात ३९.०२% भएको पाइयो ।

छ) २०६८, २०६९ र २०७० तीनै सालमा थारु विद्यार्थीहरुको विषयगत शैक्षिक उपलब्धि अन्य विद्यार्थीको भन्दा न्यून नै रहेको पाइयो ।

### ५.१.३. थारु विद्यार्थीहरुको विद्यालय उपस्थितिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव सम्बन्धमा

क) शैक्षिक-सत्रको २०६८ मा पाँचै ओटा विद्यालयहरुमा थारु विद्यार्थीहरुको औसत उपस्थिति अन्य विद्यार्थीहरुको औसत उपस्थितिभन्दा न्यून हुनुका साथै उनीहरुको औसत प्राप्ताङ्क अर्थात शैक्षिक उपलब्धि पनि अन्य विद्यार्थीहरुको भन्दा न्यून नै रहेको पाइयो ।

ख) शैक्षिक-सत्रको २०६९ मा पनि पाँचै ओटा विद्यालयहरुमा थारु विद्यार्थीहरुको औसत उपस्थिति अन्य विद्यार्थीहरुको औसत उपस्थितिभन्दा न्यून हुनुका साथै उनीहरुको औसत प्राप्ताङ्क अर्थात शैक्षिक उपलब्धि पनि अन्य विद्यार्थीहरुको भन्दा न्यून नै रहेको पाइयो ।

ग) शैक्षिक-सत्रको २०७० मा पनि पाँचै ओटा विद्यालयहरुमा थारु विद्यार्थीहरुको औसत उपस्थिति अन्य विद्यार्थीहरुको औसत उपस्थितिभन्दा न्यून हुनुका साथै उनीहरुको औसत प्राप्ताङ्क अर्थात शैक्षिक उपलब्धि पनि अन्य विद्यार्थीहरुको भन्दा न्यून नै रहेको पाइयो ।

घं) तीनै शैक्षिक-सत्रमा पाँचै ओटा विद्यालयमा थारु विद्यार्थीहरुको मात्रै विद्यालय उपस्थिति र शैक्षिक उपलब्धिको तुलना गर्दा पनि जुन विद्यालयमा थारु विद्यार्थीहरुको औसत उपस्थिति बढी छ, त्यस विद्यालयमा थारु विद्यार्थीहरुको शैक्षिक उपलबि पनि बढी भएको पाइयो ।

ङ) गरीबी, अशिक्षा, सामाजिक विकृति र विसंगति, कृषिमा आश्रित पेशा, भाषिक कठिनाइ, आदिको कारणले थारु  विद्यार्थीहरुको विद्यालय उपस्थिति न्यून भएकोले गर्दा थारु विद्यार्थीहरुको शैक्षिक उपलब्धि कम भएको अध्ययनबाट प्राप्त भयो ।

च) विद्यालयको वातावरण र शिक्षण-सिकाइ क्रियालाप बालमैत्री नहुनु, अब्याबहारिक सरकारी नीति,विद्यालय ब्याबस्थापन र प्रशासन चुस्त दुरुस्त नभएको कारणले थारु विद्यार्थीकहरुको विद्यालय अनियमित भएकोले पनि थारु विद्यार्थीकहरुको शैक्षिक उपलब्धि न्यून भएको कुरा प्राप्त भयो ।

### ५.१.४ प्रा.वि. तहमा अध्ययनरत थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति उच्च पारी शैक्षिक उपलब्धि बढाउने उपायहरू सम्बन्धमा

क) गरीबी न्यूनीकरण गरी थारु विद्यार्थीहरुलाई नियमित विद्यालय उपस्थिति हुन पाउने वातावरणको सिर्जना गरेको खण्डमा थारु विद्यार्थीहरु नियमित विद्यालय आउने र उनीहरुको शैक्षिक उपलब्धि पनि सवतः बढ्ने धारणा पाइयो ।

ख)थारु विद्यार्थीहरु विद्यालय नियमित नआउनुको अर्को प्रमुख कारण बेरोजगारी पनि भएकोले यसलाई न्यूनीकरण गर्न सकेको खण्डमा थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति नियमित भई उनीहरुको शैक्षिक उपलब्धि बढ्ने अवस्था देखियो ।

ग) थारु अभिभावकहरुले शिक्षालाई गौण सम्झेकाले शिक्षाको महत्व बुझाउनका लागि जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने जसको कारणले थारु विद्यार्थीहरुको विद्यालय उपस्थितिमा वद्धि भई शैक्षिक उपलब्धि पनि वृद्धि हुने पाइयो ।

घ) थारु विद्यार्थीका अभिभावकरु बढी कृषि पेशामा सङ्लग्न हुनुपर्ने भएकोले उनीहरुका बालबच्चाहरु खेति लगाउने र उठाउने समयमा विद्यालय जान नपाउने भएकोले समय सापेक्ष आधुनिक कृषि प्रणाली अपनाउन सके यो समस्या केहि हतसम्म कम भई विद्यालय उमेरका बालबच्चाहरु नियमित विद्यालय जान पाउने र उनीहरुको शैक्षिक उपलब्धि पनि वृद्धि हुने धारणा पाइयो ।

पनि पाइयो ।

ङ) थारु बालबालिकाहरु विद्यालय जाने समयमा विद्यालय नगई पूजापाठ, मेला, हाटबजार आदिमा जाने पाइएकोले यस्ता बालबालिकाहरुको भविश्यलाई प्रत्यक्ष असर पार्ने  सामाजिक संस्कारहरुलाई क्रमशः हटाउँदै लैजानु पर्ने जसले गर्दा थारु विद्यार्थीको विद्यालय उपस्थिति नियमित भई  उनीहरुको शैक्षिक उपलब्धि पनि वृद्धि हुने पाइयो ।

च) थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति न्यून हुनुका कारणहरुहरुमध्ये सामाजिक वातावरण पनि एक भएकोले समाजमा व्याप्त धूमपान, मद्यपान, झैझगडा,यौनदूराचार,व्याभिचार डनप्रथा आदि विकृतिहरुलाई अभिभावक, थारु अगुवाहरु, विद्यालय प्रसाशन, स्थानीय समाजसेवीहरु, स्थानीय प्रसाशन तथा राजनीतिककर्मी सबैको प्रयासमा न्यूनीकरण गर्दै लैजानु पर्ने,जसले गर्दा थारु विद्यार्थीको विद्यालय उपस्थिति नियमित भई  उनीहरुको शैक्षिक उपलब्धि पनि वृद्धि हुने पाइयो ।

छ) थारु विद्यार्थीहरुको शैक्षिक उपलब्धि न्यून हुनुको प्रमुख कारण भाषाको कठिनाइ प्रमुख भएकोले यस समस्यालाई हल गर्नका लागि प्रत्येक विद्यालयमा कक्षा १-५ सम्म पठनपाठनको माध्यम थारु भाषा हुनुपर्ने, जसले गर्दा थारु विद्यार्थीको विद्यालय उपस्थिति नियमित भई  उनीहरुको शैक्षिक उपलब्धि पनि वृद्धि हुने पाइयो ।

ज) थारु विद्यार्थीहरुको शैक्षिक उपलब्धि बढाउनका लागि थारु अभिभावकहरुसंग समय समयमा अन्तर्क्रिया गरिरहनुपर्ने, विद्यालयको वातावरण बालमैत्री बनाउनु पर्ने, छात्रवृतिको उचित वितरण गर्नुपर्ने, विद्यार्थीहरुलाई पुरस्कारको ब्याबस्था गर्नुपर्ने, कक्षा १-५ सम्मका सबै द्यिार्थीहरुलाई खाजाको प्रबन्ध गर्नुपर्ने, जसले गर्दा थारु विद्यार्थीको विद्यालय उपस्थिति नियमित भई उनीहरुको शैक्षिक उपलब्धि पनि वृद्धि हुने पाइयो ।

झ) सरकारले थारु बाहुल्यता भएको प्रा.वि. तहको विद्यालयमा थारु शिक्षकको दरबन्दी सृजना गर्नुपर्ने, थारु शिक्षक नभएको विद्यालयहरुमा अन्य प्रा.वि. शिक्षकहरुलाई अनिवार्य रुपमा थारु भाषाको प्रशिक्षण दिनुपर्ने, पाठ्यक्रममा समय सापेक्ष सुधार गरी समसामयिक र ब्याबहारिक बनाउनुपर्ने, चालु परीक्षा प्रणालीमा सुधार गरी सैद्धान्तिक ज्ञान र व्यापहारिक दुवैको मापन र मूल्याङ्कनको आधार थप स्पष्ट बनाउनुपर्ने जस्ता नीतिगत ब्याबस्था गर्न सकेको खण्डमा थारु विद्यार्थीहरुको विद्यालयय उपस्थितिमा बृद्धि भई शैक्षिक उपलब्धि बढ्ने धारणा प्राप्त पाइयो ।

## ५.२ निष्कर्ष

"थारु विद्यार्थीको विद्यालयमा उपस्थितिले सिकाइ उपलब्धिमा पारेको प्रभाव" को अध्ययन विश्लेषणमा आधारित भएर गरिएको यस शोध कार्यको प्राप्तिलाई अध्ययन मनन गरी निम्न अनुसारको निष्कर्ष निकालिएको छ ।

हाँसपोसा गा.बि.स. अन्तरगतका थारु जातीहरुको बाहुल्यता रहेको पाँच ओटा सामुदायियक विद्यालयहरुमा यो शोध अनुसन्धान कार्य सम्पन्न गरिएकोमा यी पाँचै ओटा विद्यालयहरुमा थारु विद्यार्थीहरुको बाहुल्यता भए तापनि उनीहरुको विद्यालय उपस्थिति अन्य विद्यार्थीहरुको तुलनामा न्यून रहेको छ । थारु विद्यार्थीहरुको  औसत उपस्थिति कम हुँदा उनीहरुको शैक्षिक औसत उपलब्धि पनि अन्य विद्याथीहरुको भन्दा कम नै रहेको छ । व्यत्तिगत तवरमा जुन विद्यार्थी (चाहे थारु होस् वा अन्य होस्) धेरै दिन विद्यालयमा उपस्थित भएका छन् उनीहरुको औसत प्राप्ताङ्क विद्यालय कम उपस्थित हुने विद्यार्थीहरुको भन्दा तुलानात्मक रुपमा बढी रहेको छ । यसबाट के स्पष्ट हुन्छ भने विद्यार्थीहरुको विद्यालय उपसिर्थतिले उनीहरुको शैक्षिक उपलब्धिमा प्रत्यक्ष असर पार्दछ । थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति न्यून हुनुको कारणहरु गरिबी, बेरोजगार अशिक्षा चेतनाको कमी, सामाजिक-सांस्कृतिक परम्परा, कृषि पेसामा बढी आश्रित हुनु, सामाजिक वातावरण, भाषिक कठिनाइ, घरायसी श्रम,अब्याबहारिक सरकारी नीति, विद्यालय ब्याबस्थापन र प्रशासनको निष्क्रियता आदि मुख्य रुपमा रहेको पाइएको छ ।

थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति उच्च पारी शैक्षिक उपलब्धि बढाउनका लागि प्र.वि.तहका विद्यार्थीहरुका लागि विद्यालयमा खाजाको ब्यावस्था, छात्रावृतीको ब्यावस्था गरी त्यसको उचित वितरण र सदुपयोगको ब्यावस्था, प्रा.वि.शिक्षकहरुलाई थारु भाषाको तालिमको अनिवार्य रुपमा ब्यावस्था, प्रोत्साहनको लागि पुरस्कारको ब्यावस्था, विद्यार्थी तथा अभिभावकहरुलाई शिक्षाको महत्व बुझाउने किसिमको कार्यक्रमहरु सञ्चालन आदि गर्न सकेको खण्डमा यो समस्या न्यून हुने देखिन्छ । यसको साथै  विद्यालय ब्यावस्थान तथा प्रशासन चुस्तदुरुस्त पारी बालमैत्री कक्षाकोठा शिक्षणसिकाइ कृयाकलाप सञ्चालनमा जोड दिनु पर्ने देखिन्छ । यसको साथै थारु विद्यार्थीको परिवारमा शैक्षिक वातावरण  सृजना गरी  बालश्रमलाई निरुत्साहित गर्नु पर्ने देखिन्छ । मातृभाषामा नै प्रा.वि. सम्मको पठनपाठनको ब्यावस्था गरी  रोजगारीको सुनिश्चितता गर्न सकेको खण्डमा थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति उच्च भई शैक्षिक उपलब्धि पनि उच्च हुने देखिन्छ ।

### ५.३ सुझावहरु

“थारु विद्यार्थीहरुको विद्यालयमा उपस्थितिले सिकाइ उपलब्धिमा पारेको प्रभाव” सम्बन्धमा गरिएको यो शोधकार्य अनुसन्धानको क्रममा छनौटमा परेका विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावकसंग थारु बलबालिकाको विद्यालयमा उपस्थितिको अवस्था, थारु विद्यार्थीहरुको शैक्षिक उपलबिधको अवस्था थारु विद्यार्थीहरुको विद्यालय उपस्थितिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव  तथा प्रा.वि. तहमा अध्ययनरत थारु विद्यार्थीहरुको विद्यालय उपस्थिति उच्च पारी शैक्षिक उपलब्धि बढाउने उपायहरू बारेमा अनुसुचीमा दिए बोमजिमको  प्रश्नावली, अन्तरवार्ता तथा दस्तावेज अध्ययनको माध्यमबाट संकलित जानकारीलाई विभिन्न शीर्षकहरूमा राखी व्याख्या र विश्लेषण गरी निकालिएको निष्कर्षको आधारमा  निम्न अनुसारको सुझावहरु पेश गरिएको छ ।

#### ५.३.१ नीतिगत ( Policy related) तहका लागि सुझावहरु-

अ) थारुहरुको बाहुल्यता रहेको ठाँउमा अनिवार्य थारु भाषालाई पठनपाठनको माध्यम बनाई शिक्षक दरबन्दिको ब्याबस्था गर्नु पर्दछ ।

आ) कार्यरत सबै प्रा.वि.शिक्षकहरुलाई अनिवार्य थारु भाषाको प्रशिक्षण दिई थारु भाषा बोल्न सक्ने बनाउनका लागि पहल  गर्नु पर्दछ ।

इ) प्रा.वि. तहका प्रत्येक विद्यार्थीहरुका लागि खाजाको ब्याबस्था कानुनी रुपमा  गरिनुपर्दछ ।

ई)गरीबीको रेखामुनि रहेका थारु समुदायलाई लक्षित गरी नेपाल सरकारले विशेष कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

उ)बेरोजगारी उन्मुलन गर्नका लागि कृषिमा आधारित आधुनिक प्रविधि अपनाउनुका साथै स्वरोजगारमुलक कार्यका लागि कृषि अनुदानहरु सरल तवरले उपलब्ध गराउनुपर्दछ ।

ऊ)थारु समुदायलाई लक्षित गरी नेपाल सरकारले विशेष औपचारिक तथा अनौपचारिक शैक्षिक कार्यक्रमहरु सञ्चालन गरी जनचेतना प्रदान गर्नुपर्दछ ।

ई)नियमित पठन पाठनको अनुगमन तथा मूल्याङ्कनको ब्याबस्था अनिवार्य रुपमा गरिनु पर्दछ ।

ए) पाठ्यक्रममा समय सापेक्ष सुधार गरी समसामयिक र ब्याबहारिक बनाउनु पर्दछ ।

ऐ)चालु परीक्षा प्रणालीमा सुधार गरी सैद्धान्तिक ज्ञान र व्यापहारिक दुवैको मापन र मूल्याङ्कनको आधार बनाउनु पर्दछ ।

### ५.३.२. प्रयोगात्मक ( **Practice related**) तहका लागि सुझावहरु-

क) सर्बप्रथम त थारु अभिभावकहरु नै आफ्नो बालबच्चाहरुको भविश्य उच्च पार्ने शिक्षाप्रति सचेत हुनुपर्दछ ।

ख) प्रत्येक थारु अभिभावकहरुले आफ्नो बालबच्चाहरुलाई अनिवार्य विद्यालय पठाउने अभियान शुरु गर्नुपर्दछ ।

ग) प्रत्येक थारु अभिभावकहरुले आफ्ना बालबच्चाहरुलाई विद्यालय समयमा घरायसी काममा नलगाई विद्यालय जानका लागि प्रोत्साहन गर्नुपर्ने ।

घ) प्रत्येक थारु अभिभावकहरुले आफ्नो परम्परागत सांस्कृतिक चाडपर्वहरुमा बालबच्चाहरु उपस्थित नभईनहुने अवस्थामा बाहेक अन्य मेला तथा हाटबजारको समयममा अनिवार्य विद्यालय पठाउनुपर्ने ।

ङ) प्रत्येक थारु अभिभावकहरुले आफ्ना बालबच्चाहरुलाई विद्यालय समयमा खेतिपातिको तथा अन्य रोजगारको काममा  नलगाई विद्यालय जानका लागि प्रोत्साहन गर्नुपर्ने ।

च) प्रत्येक थारु अभिभावकहरुले आफ्ना बालबच्चाहरु विद्यालय गयो कि गएन भनी बुझ्न र उनीहरुको विद्यालयको अन्य गतिविधिहरु थाहा गर्नको लागि समय समयमा  विद्यालय प्रशासनसंग सम्पर्कमा रहनुपर्ने ।

छ) प्रा.वि. तहका प्रत्येक शिक्षकहरु अनिवार्य रुपमा  थारु भाषा बोल्न सक्ने हुनुपर्दछ ।

ज) विद्यालय वातावरण र शिक्षण-सिकाइ क्रियाकलाप बालमैत्री हुनुपर्दछ ।

झ) विद्यालय तथा अभिभावक बीचको सम्पर्क निरन्तर हुने वातावरणको सृजना विद्यालय प्रशासनले गर्नु पर्दछ ।

ञ) प्रत्येक शैक्षिक क्रियाकलाप गर्न गराउन थारु विद्यार्थीहरुलाई  प्रोत्साहन गर्नुपर्दछ ।

ट) जुन विद्यार्थी विद्यालय कम आउँछ, त्यस्तो विद्यार्थी पहिचान गरी उनीहरुको अभिभावकसम्म पुगी सो विद्यार्थीलाई विद्यालय आउन प्रोत्साहन गर्नु पर्दछ ।

ठ) टिफिनमा विद्यार्थी भागेर जाने प्रवृतिलाई रोक्न विद्यालयमा खाजाको ब्याबस्था गर्न गराउन पहल गर्नुपर्दछ  ।

ड) स्थानीय सामाजिक वातावरणमा ब्यप्त विकृति र विसंगतिहरु निर्मूल पार्न र थारुहरुको बाहुल्यता भएको समाजमा शिक्षित र सचेत स्थानीय अभिभावकहरु मिली विद्यालय जाने उमेरका सम्पूर्ण

बालबालिकाहरुलाई विद्यालय पठाउने अभियानका लागि एउटा शिक्षा समुह गठन गरी अभियान शुरु गर्नु पर्दछ ।

ढ) विद्यालयको वार्षिक कार्यक्रममा नियमित उपस्थित हुने  थारु विद्यार्थीहरुलाई उत्प्रेणाको लागि पुरस्कृत गर्नु पर्दछ ।

ण) आफ्ना सम्पूर्ण बालबालिकाहरुलाई नियमित विद्यालय पठाउने अभिभावकहरुलाई अभिभावक दिवशको अवसरमा सम्मान गर्ने र एकमुष्ट केहि रकम उपलब्ध गराउने प्रबन्ध मिलाउनुपर्दछ ।

त) कमजोर थारु विद्यार्थीको लागि थप कक्षा(Coaching Class) को ब्याबस्था गर्नु पर्दछ ।

थ) आवश्यक शैक्षिक सामग्रीहरुको ब्याबस्था तथा प्रयोगमा जोड दिई शैक्षिक सामग्रीयुक्त कक्षा शिक्षण-सिकाइ क्रियाकलाप बनाउनुका साथै विद्यालयको वार्षिक कार्यक्रममा प्राप्ताङ्क राम्रो ल्याउने थारु विद्यार्थीहरुलाई उतप्रेणको लागि पुरस्कृत गर्नु पर्दछ ।

द) विद्यालयको वातावरण विद्यार्थीहरुलाई विद्यालय आऔ-आऔ हुने बनाउनुका साथै विद्यालयको प्रत्येक शैक्षिक क्रियाकलापमा थारु विद्यार्थीहरुलाई अनिवार्य सहभागी गराउनु पर्दछ  ।

ध) कक्षाकार्य, गृहकार्य तथा परियोजनाकार्य दिई त्यसलाई शिक्षकले दैनिक परीक्षण गरिदिएर पृष्ठपोषण गरी प्रोत्साहन स्वरुप पुरस्कारको ब्याबस्था गर्नु पर्दछ  ।

### ५.३.३. अनुसन्धानात्मक ( Further research related) तहका लागि सुझावहरु-

क) थारु विद्यार्थीको समग्र शैक्षिक अवस्थाको अध्ययन गरी शैक्षिक सुधारको निम्ति पहल गर्नु पर्दछ ।

ख) भाषिक कठिइको कारणले थारु विद्यार्थीहरुको सिकाइमा पारेको प्रभाव सम्बन्धमा गहन अध्ययन गरी सल्लाह सुझाब दिनुपर्दछ ।

ग) थारु सांस्कृतिले विद्यालय जाने उमेरका बालबालिकाहरुमा पार्ने नकारात्मक असरहरुको बारेमा गहन अध्ययन गरी आवश्यक सल्लाह सुझाब दिनुपर्दछ ।

घ) थारु बालबालिकाहरुको विद्यालय भर्नादर र बीचैमा विद्यालय छोड्ने दरको अध्ययन गरी विद्यालय जाने उमेरका बालबालिकाहरुलाई विद्यालय पठाउने र विद्यालय आएकाहरुलाई बीचैमा विद्यालय छोड्ने छोड्ने दर कम बनाउने पहल गर्नु पर्दछ ।

ङ) प्रा.वि., नि.मा.वि., मा.वि., तथा उच्च मा.वि. समेतमा थारु विद्यार्थीहरुको विद्यालय उपस्थितिको अवस्था, शैक्षिक उपलब्धिको अवस्था तथा शैक्षिक क्रियाकलापमा थारु विद्यार्थीको सक्रियता आदिको बारेमा अध्ययन गर्नु पर्दछ ।

च) थारु समुदायमा घरेलु बालश्रमको अवस्थाको अध्ययन गरी त्यसलाई न्यूनीकरण गर्ने पहल गरिनुपर्दछ ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, बालकृष्ण(२०६८), **शिक्षामाविविधताकालागि पाठ्यक्रम,** काठमाडौं :सनलाइट पब्लिकेशन ।

अधिकारी, बिष्णुप्रसाद(२०६८), **माध्यमिक शिक्षकदिग्दर्शन**, काठमाडौं :आशिषबुक्स हाउस प्रा.लि ।

आचार्य, बलराम(२०६२), **मानवशास्त्रीय सिद्धान्तहरूको विश्लेषण,** काठमाडौ : नेशनल बुक सेन्टर ।

कार्की रोबनराज(२०६९), **मुसहर जातीका शैक्षिकउपलबिधको अवस्था**,(अप्रकाशित स्नातकोत्तर शोधपत्र),किर्तिपुर, काठमाडौं : त्रि.वि. ।

अधिकारी,काफ्ले र ढकाल न्याय(२०६८), **शिक्षामा सामाजिक**, काठमाडौं :सनलाइट पब्लिकेशन ।

गौडेल, यादव र अन्य (२०६०), **शिक्षाको वित्तशास्त्र,** काठमाडौ : स्टुडेन्टस् बुक्स ।

चौधरी, प्रभुनारायण (२०७०),**थारु विद्यार्थीहरुको शैक्षिकउपलब्धिमाप्रभावपार्ने बाह्यतत्वहरुको पहिचान** सम्बन्धिउकअध्यायन, (अप्रकाशित सनातकोत्तर शोधपत्र),किर्तिपुर, काठमाडौं त्रि.वि. ।

चौधरी,पुरुस्तोम(२०६३) **थारुजातीको उत्पति,सामाजशास्त्रीयविबेचना**

चौधरी, रमेश (२०७०),**थारु जातिको संक्षिप्तइतिहास** ।

तामाङ्ग, परशुराम, (१९९८), **राष्ट्रियता र जनजाति,** काठमाडौं : जनसाहित्यप्रकाशन केन्द्र ।

नेउपाने,बलदेव(२०६७)**प्रथामिकतहको मगरजातीको शैक्षिकअवस्था** ,(अप्रकाशितस्नातकोत्तर शोधपत्र),किर्तिपुर, काठमाडौं : त्रि.वि. ।

**नेपालको अन्तरिम संविधान, (२०६३), काठमाडौं** : कानुनकितावव्यवस्था समिति ।

वागचन्द्र, रत्नबहादुर, (२०५९), **दलित समुदायको सामाजिकविकासको सन्दर्भमा शैक्षिकअवस्था र कानुनीअधिकार विषयककार्यपत्र**, दलितविकास समिति, काठमाडौं ।

शर्मा, चिरञ्जिवी(२०६२), **शिक्षाकाआधारहरू, काठमाडौं** : एम.के. पब्लिसर्स एण्ड डिस्टिव्युटर्स ।

शर्मा, चिरञ्जिवी र निर्मलाशर्मा (२०६४), **शैक्षिक योजना, काठमाडौं** : एम.के. पब्लिसर्स एण्ड डिस्टिव्युटर्स ।

शिक्षाविभाग (२०७०), **बालमैत्रीविद्यालयशिक्षक प्रशिक्षण पुस्तिका**, काठमाडौ : सानोठिमी भक्तपुर ।

सबैको लागिशिक्षामूल दस्तावेज, (२००१-२००९), काठमाडौं : शिक्षाविभाग, शिक्षामन्त्रालय ।

**My Republica,DailyPatrika**29,Nov,2014

अनुसुची : १

## प्र.अ.को लागि प्रश्नावली

उत्तरदाताको नाम : ................................ लिङ्ग : .......................................

पद : प्र.अ. उमेर : ................................................

विद्यालय : ........................................गा.वि.स. : हाँसपोसा वार्ड नं. : .....................

१. तपाई वि.व्य.स.को प्र.अ.पदमा रहनु भएको कति समय भयो ?

..............................................................................................................................

२. तपाईको विद्यालयमा अध्यापनरत शिक्षकहरूमध्ये थारु शिक्षकहरू पनि छन् ?

...........................................................................................................................

३. तपाईको विद्यालयमा अध्यायनरत थारु विद्‌यार्थीहरूको शैक्षिक अवस्था कस्तो छ ?

................................................................................................................................

४. थारु विद्‌यार्थीहरूको शैक्षिक उपलब्धि बृद्धि गराउनका लागि विद्यालयले केही कार्यक्रमहरू ल्याएको छ कि ?

...................................................................................................................................

५. थारु विद्‌याथीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू के-के हुन् ?

.................................................................................................................................

६.शिक्षा सम्बन्धी थारु अभिभावकहरुको धारणा के कस्तो पाउनु भएको छ ?

.................................................................................................................................

७.थारु विद्‌यार्थीहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के के उपायहरु अपनाउन सकिएला ?

...............................................................................................................................

८.थारु विद्‌यार्थीहरु नियमित विद्‌यालय नआउनुका कारणहरु के के होलान् ?

.............................................................................................................................

९.थारु विद्‌यार्थीहरुको विद्‌यालय उपस्थिति नियमित गर्ने उपायहरु के के होलान् ?

१०) थारु विद्‌यार्थीको विदेयालय उपस्थितिले शैक्षिक उपलब्धिमा कस्तो प्रभाव पार्ला ?

## अनुसुची : २

## शिक्षकहरूको लागि प्रश्नावली

जिल्ला : सुनसरी

शिक्षकको नाम :......................... विद्यालयको नाम : ...........................

ठेगाना : हाँसपोसा-२

१.यस विद्यालयमा थारु विद्यार्थीको संख्या कति छ ?

..............................................................................................................

२ विद्यालयमा थारु विद्यार्थीको नियमितता कतिको हुन्छ ?

..............................................................................................................

३.तपाईको विचारमा  थारु विद्यार्थीहरु नियमित विद्यालय नआउनुका कारणहरु के के हुनसक्छन् ?

......................................................................................................................

४.थारु र अन्य विद्यार्थीहरू बीच के-कस्ता समानता र भिन्नता पाउनु हुन्छ ?

...................................................................................................................

५. थारु विद्यार्थीलाई सिकाईमा उत्प्रेरित गर्नको लागि के गर्नुपर्ला ?

.....................................................................................................................

६. विद्यालयमा हुने शैक्षिक क्रियाकलापमा थारु विद्यार्थीहरूको संलग्नतामा कतिको हुन्छ ?

.....................................................................................................................

७. थारु विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू के-के हुन् ?

......................................................................................................................

८.थारु विद्यार्थीहरूको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरू के-के हुनसक्छन् ?

......................................................................................................................

९.विद्यालयमा थारु विद्यार्थीको नियमित उपस्थिति बढाउन के के गर्नुपर्ला ?

१०) थारु विद्यार्थीको विदेयालय उपस्थितिले शैक्षिक उपलब्धिमा कस्तो प्रभाव पार्ला ?

## अनुसुची : ३

## थारु अभिभावकहरूको लागि अन्तरवार्ता प्रश्नावली

उत्तरदाताको नाम : लिङ्ग उमेर :

गा.वि.स. : हाँसपोसा वडा नं.

१. तपाई के पेशा गर्नुहुन्छ ?

..............................................................................................................................

२. तपाईका बालबच्चाहरु कति जना विद्यालय जान्छन् ?

..............................................................................................................................

३. के तपाईले आफ्नो बालबच्चाहरु नियमित विद्यालय पठाउनुभएको छ ?

..............................................................................................................................

४. आफ्नो बालबच्चाहरुको पढाई बारे जानकारी लिन विद्यालय गएर शिक्षकसँग भेट्ने गर्नुभएको छ कि छैन ?

........................................................................................................................

५. तपाईले आफ्नो छोराछोरीलाई शिक्षा दिने क्रममा के कस्तो समस्या भोग्नु भएको छ कि ?

...........................................................................................................................

६. विद्यालयका शिक्षकले तपाईको छोराछोरीसँग कस्तो व्यवहार गर्छन् जस्तो लाग्छ ?

............................................................................................................................

७. जनजाति(थारु) भएको कारणले तपाईको छोराछोरीले विद्यालयमा कुनै कठिनाई भोग्नु परेको छ कि ?

.............................................................................................................................

८थारु बालबालिकाहरूको शैक्षिक उपलब्धि न्यून हुनुको कारण तपाईको विचारमा के हो जस्तो लाग्छ ?

..............................................................................................................................

९.थारु बालबालिकाहरूलाई शिक्षामा बढी भन्दा बढी शैक्षिक उपलब्धि बृद्धि गराउनका लागि कस्ता उपायहरू अपनाउनु पर्ने देख्नुहुन्छ ?

१०) थारु विद्यार्थीको विदेयालय उपस्थितिले शैक्षिक उपलब्धिमा कस्तो प्रभाव पार्ला ?

## अनुसुची : ४(क)

## थारु विद्यार्थीहरूको लागि अन्तर्वार्ता प्रश्नावली

उत्तरदाताको नाम : ...................................................

लिङ्ग : उमेर :

कक्षा : गा.वि.स.: हाँसपोसा वार्ड नं. :

१. तिम्रो विद्यालयमा कुन कुन जातका विद्यार्थीहरू छन् ?

.......................................................................................................................................

२. थारुहरु बाहेक अन्य जातका पनि तिम्रा साथीहरु छन् ?

......................................................................................................................................

३. यसपाली तिमी कति अंक ल्याएर माथिल्लो कक्षा उत्तीर्ण भयौ ?

.......................................................................................................................................

४. तिम्रो पढाई कमजोर हुनुको कारण के हो जस्तो लाग्छ ?

.......................................................................................................................................

५. के तिमीले आफूलाई नआएको कुरा कक्षा कोठामा सरलाई सोध्ने गर्दछौं ?

......................................................................................................................................

६. सरहरुले दिएका गृहकार्यहरु नियमित गर्ने गरेका छौं ?

...................................................................................................................................

७. विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा नियमित भाग लिने गरेका छौं ?

...................................................................................................................................

८. तिमी विद्यालयमा बाहेक घरमा कति घण्टा स्वाध्ययन गर्ने गर्दछौं ?

.......................................................................................................................................

९.थारु विद्यार्थीहरुको विद्यालयमा उपस्थिति नियमित गर्न के के गर्नुपर्ला ?

.......................................................................................................................................

१०. के तिमी नियमित विद्यालय जाने गरेका छौं ?

......................................................................................................................................

११.थारु विद्याथीहरुको शैक्षिक उपलब्धि सुधार्न के गर्नुपर्ला ?

## अनुसुची : ४(ख)

## थारु बाहेक अन्य जातका विद्यार्थीहरूको लागि अन्तर्वार्ता प्रश्नावली

उत्तरदाताको नाम : लिङ्ग : उमेर

कक्षा : गा.वि.स. : हाँसपोसा वडा नं.

१. तिमी विद्‍यालय नियमित जान्छौ कि जाँदैनौ ?

..........................................................................................................................

२. ती मध्ये थारु विद्यार्थीहरूलाई आफ्नो साथी बनाएका छौ ?

..........................................................................................................................

३. तिमीहरूको विचारमा शिक्षकले तिमीहरूलाई र थारु विद्यार्थीहरूलाई समान व्यवहार गरे जस्तो लाग्छ ?

..........................................................................................................................

४.यसपाली तिमी कति अंक ल्याएर माथिल्लो कक्षा उत्तीर्ण भयौ ?

..........................................................................................................................

५..थारु जातीका विद्यार्थीहरूको पढाईको स्तर कस्तो छ जस्तो लाग्छ ?

..........................................................................................................................

६. थारु जातका विद्यार्थीको खास समस्या के हो जस्तो लाग्छ ?

..........................................................................................................................

७. थारु विद्‍यार्थीहरुको उपस्थिति नियमित हुँदैन, के यो सत्य हो ? हो भने थारु विद्‍यार्थीहरुको विद्‍यालय उपस्थिति नियमित गर्न के के गर्नुपर्ला ?

..........................................................................................................................

८. के तिमी नियमित विद्‍यालय जाने गरेका छौं ?

..........................................................................................................................

९. नियमित विद्‍यालय जाँदा र नजाँदा तिम्रो पढाइमा के कस्तो असर पर्छ जस्तो लाग्छ ?

..........................................................................................................................

१०. थारु विद्‍यार्थीको शैक्षिक उपलब्धि सुधार्न तिम्रो विचारमा के गर्नुपर्ला ?

..........................................................................................................................

## अनुसूचीः ५
### विद्यालय तथा प्र. अ.हरुको छनौट

| क.स. | प्र.अ.को नाम | विद्यालयको नाम | विद्यालयको ठेगाना |
|---|---|---|---|
| १ | श्री दिपक सुवेदी | श्री जनसहयोग उ.मा.वि. | हाँसपोसा-२, तरहरा,सुनसरी |
| २ | श्री सुदिप गुरागाइँ | श्री अमाह मा.वि.अमाह | हाँसपोसा -६, अमाह,सुनसरी |
| ३ | श्री दिपनायण साह | श्री पञ्चायत रजत नि.मा.वि। | हाँसपोसा -४, जब्दी,सुनसरी |
| ४ | सुरजलाल चौधरी | श्री जनजागृति नि.मा.वि. | हाँसपोसा -९, लबिपुर,सुनसरी |
| ५ | श्री ऋषिराम खनाल | श्री राष्ट्रिय उ.मा.वि. | हाँसपोसा -१, आ,सुनसरी |

## अनुसूचीः ६
### अभिभावकहरुको छनौट

| क.स. | अभिभावकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्री राम कुमार चौधरी | हाँसपोसा-२, तरहरा,सुनसरी . | |
| २ | श्री छेदनलाल चौधरी | हाँसपोसा-२, तरहरा,सुनसरी . | |
| ३ | श्री हरिलाल चौधरी | हाँसपोसा-७, विसनपुर | |
| ४ | श्री शंकर चौधरी | हाँसपोसा-३, करैवन | |
| ५ | श्री कन्चल चौधरी | हाँसपोसा-४, वरमपुर | |
| ६ | श्री ईश्वर चौधरी | हाँसपोसा-५, भवानीपुर | |
| ७ | श्री भगतलाल चौधरी | हाँसपोसा-५, अमाहा | |
| ८ | श्री कुसेश्वरी चौधरी | हाँसपोसा-६, भवानीपुर | |
| ९ | प्रविन चौधरी | हाँसपोसा-१, आँपगाछी | |
| १० | दिनार चौधरी | हाँसपोसा-१, शान्तीचौक | |

## अनुसूचीः७
## थारु विद्यार्थीहरुको छनौट

| क.स. | थारु विद्यार्थीहरु | छात्र/छात्रा | विद्यालयको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | अमित चौधरी | छात्र | श्री जनजागृति नि.मा.वि., हाँसपोसा-७ | |
| २ | सुदिप चौधरी | छात्र | श्री प.र.ज. नि.मा.वि., हाँसपोसा-४ | |
| ३ | प्रभुनारायण चौ. | छात्र | श्री जनसहयोग उ.मा.वि., हाँसपोसा-२ | |
| ४ | रिया चौधरी | छात्रा | श्री अमाह मा.वि., हाँसपोसा-५ | |
| ५ | सूर्यकला चौधरी | छात्रा | श्री राष्ट्रिय उ. मा.वि., हाँसपोसा-१ | |

## अनुसूचीः८
## अन्य विद्यार्थीहरुको छनौट

| क.स. | थारु विद्यार्थीहरु | छात्र/छात्रा | विद्यालयको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | प्रकाश ढकाल | छात्र | श्री जनजागृति नि.मा.वि., हाँसपोसा-७ | |
| २ | चन्द्रशेखर श्रेष्ठ | छात्र | श्री प.र.ज. नि.मा.वि., हाँसपोसा-४ | |
| ३ | निलकमला तामाङ्ग | छात्रा | श्री जनसहयोग उ.मा.वि., हाँसपोसा-२ | |
| ४ | ईन्दिरा निरौला | छात्रा | श्री अमाह मा.वि., हाँसपोसा-५ | |
| ५ | सुमित्रा अधिकारी | छात्रा | श्री राष्ट्रिय उ. मा.वि., हाँसपोसा-१ | |

# अनुसूचीः ९

**विद्यालय, शिक्षकहरुको छनौट**

| क.स. | विद्यालयको नाम | विद्यालयको नाम | विद्यालयको ठेगाना |
|---|---|---|---|
| १ | श्री बदिलाल चौधरी | श्री जनसहयोग उ.मा.वि. | हाँसपोसा-२, तरहरा,सुनसरी |
| २ | श्री सृजना पोखरेल | श्री अमाह मा.वि.अमाह | हाँसपोसा -६, अमाह,सुनसरी |
| ३ | श्री भुमिराज पौडेल | श्री पञ्चायत रजत नि.मा.वि। | हाँसपोसा -४, जब्दी,सुनसरी |
| ४ | श्री कमला वन | श्री जनजागृति नि.मा.वि. | हाँसपोसा -९, लबिपुर,सुनसरी |
| ५ | श्री देव कुमारी राई. | श्री राष्ट्रिय उ.मा.वि. | हाँसपोसा -१, आ,सुनसरी |